जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक १०, २०८० साल असार १ गते शुक्रबार, नेपाल संवत् ११४३ (June 16, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


## कूटनीतिक नोट पठाउन माग

काठमाडौं । भारतले आफ्नो नयाँ संसदमा भवनमा राखेको ‘अखण्ड भारत’ को नक्साको विरोधमा कूटनीतिक नोट पठाउन प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले माग गरेको छ। बिहीबार बसेको प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा बोल्दै एमाले सांसद रघुजी पन्तले नेपालको भू-भाग समेटेको ‘अखण्ड भारत’ को नक्साको विरोधमा नेपाल सरकारले तत्काल कूटनीतिक नोट पठाउन माग गरेका हुन्। भारतलाई कूटनीतिक नोट पठाएर संसदलाई जानकारी गराउन उनले माग गरे। हालै भारतले आफ्नो नयाँ संसदमा भवनमा राखेको ‘अखण्ड भारत’ को नक्सामा नेपालको लुम्बिनी, कपिलवस्तु र विराटनगर समेटिएको छ।

## वानएक्स बेटमा कलाकार र युट्युबर पक्राउ

काठमाडौं। वानएक्स बेटमा आठ जना कलाकार र युट्युबर पक्राउ परेका छन्। पक्रउ परेकालाई प्रहरीले सार्वजनिक गरेको छ। उपत्यका अपराध अनुसन्धान कार्यालयले कलाकार र युट्युबरहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा हास्यकलाकार मरिचमान श्रेष्ठ ‘बल्छी ध्रुवे’, पवन खतिवडा, ‘म्याकुरी’ राजुमास्टर उर्फ राजु पौडेल र युट्युबर अलिश राई, युट्युबर जलन घर्तीमगर ‘जलन’, युट्युबर गणेश देवकोटा (जिडी), सरोज घिमिरे (ढेडु बुढो) र बेगम नेपाली ‘भटभटे माइला’ छन्।

उनीहरूलाई **बाँकी ८ पेजमा**

# अखण्ड भारत : मानसिक रोगी मोदी र भागवत

काठमाडौं। नौ सय करोड भारुमा बनाइएको भारतको नयाँ संसद भवनमा अखण्ड भारतको नयाँ नक्सा भित्तामा अंकित गरिएको छ। १० डिसेम्बर २०20 मा शिलान्यास गरिएको नयाँ संसद भवनको गत मे २८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गरे। उद्घाटन कार्यक्रममा मोदीले १४० करोड भारतीय नागरिकको आकांक्षा र सपनाको प्रतिविम्ब संसद भवन रहेको उल्लेख गरे। उनले लोकतन्त्रको मन्दिरको निर्माणले विश्वलाई भारतको दृढ संकल्पको सन्देश दिएको बताए। अखण्ड भारतको मुरल (भित्तेचित्र) मा नेपालको विराटनगर, लुम्बिनी र कपिलवस्तुदेखि बंगलादेश र पाकिस्तानको तक्षशिलासम्मको क्षेत्रलाई समेटिएको छ। बंगलादेश र पाकिस्तानले औपचारिक रुपमै उक्त नक्साको विरोध गरेका छन्। तर नेपाल सरकारले भने अखण्ड भारतको नक्साप्रति विमति जनाउँदै भारतलाई ‘कूटनीतिक नोट’ समेत पठाएको छैन। यसले वर्तमान गठबन्धन सरकार प्रो-इन्डियन सरकार भएको कूटनीतिक वृत्तमा चर्चा परिचर्चा चलिरहेको छ। बरु काठमाडौं महानगरले ग्रेटर नेपालको नक्सा कार्यालयमा राखेपछि मेयर बालेन शाहको चर्चा झनै चुलिएको छ। ‘टिट फर ट्याट’ को नीतिले उनलाई जनस्तरमा औंधि लोकप्रिय बनाएको छ।

सत्तारुढ भारतीय जनता पार्टी (बिजेपी) को मातृसंस्था राष्टिय स्वयंसेवक संघ (आरएसएस) ले अखण्ड भारतको विषयलाई उठाउँदै आएको छ जसलाई प्राचीन समयमा भारतीय प्रभाव क्षेत्रको रुपमा व्याख्या गर्ने गरेको छ। भारतका संसदीय मामिला मन्त्री प्रल्हाद जोशीले अखण्ड भारत अंकित मुरालको फोटो राख्दै दृढता स्पष्ट छ ‘अखण्ड भारत’ भन्दै ट्वीट गरेका छन्। ‘नयाँ संसद भवनमा अखण्ड भारत।’ यसले हाम्रो शक्तिशाली तथा आत्मनिर्भरताको प्रतिनिधित्व गर्छ’ उनले लेखेका छन्। राष्ट्रिय स्वयंसेवक संघले ‘अखण्ड भारतको धारणाले भौगोलिक अविभाजित भारतको प्रतिनिधित्व गर्ने बताउँदै आएको छ जसमा हालको



अफगानिस्तानदेखि दक्षिणपूर्व एसियाको थाइल्यान्डसम्मको भूभागलाई समेट्ने जनाएको छ।

विश्वको समकालीन नक्सामा जुन भूगोललाई भारत भनेर चिनिन्थ्यो इतिहासमा सधैंभरि यसरी चिनिंदैनथ्यो। इतिहासमा यो भूगोलमा बेग्लाबेग्लै राज्य अस्तित्वमा थिए। प्राचीन भारतको इतिहासकी ज्ञाता रोमिला थापर भन्छिन्– वैदिक कालमा गंगा नदी र यमुना नदीको बीचदेखि गंगाको उपत्यकासम्मको भागलाई आर्यव्रत भन्ने गरिन्थ्यो। मनुस्मृतिमा आइपुग्दासम्म आर्यव्रतले सिन्ध नदीदेखि हिन्द महासागरसम्मको भूगोललाई भारत वर्ष जनाउन थालेको थियो। १२ औं शताब्दीबाट यो भूगोललाई भारतवर्ष भन्न थालियो। यद्यपि त्यतिबेलासम्म पनि यो भूगोलमा साना ठूला थुप्रै राज्य थिए। बहुलजाति, भाषा र शासन प्रणाली यहाँको विशेषता थियो। थापरका अनुसार बेलायती उपनिवेशले जरा गाड्न थालेपछि यो भूगोललाई इन्डिया (भारत) भन्न थालियो।

तर एस्को पर्पोलाले ‘द रुट्स अफ हिन्दुराज्य’ मा इन्डिया शब्दको प्रयोग ईसापूर्वदेखि नै थालिएको तर्क गरेका छन्। उनका अनुसार ईसापूर्व ५१५ मा पर्सियाली राजा दरिउसले सिन्धु उपत्यकामा हमला गरेका थिए। पर्सियाली भाषामा सिन्धुलाई हिन्दू भनियो। तर पछि ग्रिकहरूले आफ्नो भाषामा ‘ह’ उच्चारण नहुने भएकाले हिन्दुलाई इन्दु भन्न थाले। त्यसैबाट सिन्धु उपत्यकाको वरिपरिको भूभागलाई इन्डिया भन्न थालियो। यद्यपि पर्पोलाको तर्कले पनि हालको भारतलाई नभई अहिले भारत पाकिस्तानको सीमा वरपर पर्ने भूभाग इन्डिया भएको जनाउँछ।

तत्कालीन सामाजिक सम्बन्धमा आधारमा स्वाधीनताको आन्दोलनले एक भारतको संकथनलाई संगठित गर्‍यो। बेलायती औपननिवेशिक शासनको विरोध र स्वाधीनता आन्दोलन विकसित हुँदै जाँदा भिन्नाभिन्नै भूगोल, पर्यावरण, भाषाभाषी र संस्कृति भएका समुदायलाई एउटै वृत्तमा राख्ने मियो बनेको थियो, स्वाधीन एकीकृत भारतको परिकल्पना। यही परिकल्पनाले भारतीय राष्ट्रवाद जन्मायो। त्यसैले इन्डियन भावनालाई उपनिवेशको प्रतिवादको रुपमा व्याख्या गर्छन्।

भारतीय राष्ट्रवाद सुरुमा समावेशी, विविधता बहुलतायुक्त थियो। तर यसले जग हाल्दा नहाल्दै यसमा धार्मिकताको लेपन सुरु भयो। भारतीय स्वतन्त्रता संग्रामको नेतृत्व गरिरहेको भारतीय राष्ट्रिय कांग्रेसका नेताहरूमा मूलतः हिन्दु बाहुल्य थियो। आफ्नो उपस्थिति कमजोर हुँदा मुसलमान नेताहरू सशंकित भए। कोनार्ड इल्स्टले ‘डिकोनो लाइजिङ द हिन्दु माइन्ड’ मा बताएअनुसार त्यही शंकाले मुहम्मद अलि जिन्नाको नेतृत्वको मुस्लिम लिग जन्मायो। यसरी भारतको स्वतन्त्रता आन्दोलनको अन्तरालमै दुई थरी राष्ट्रवादको जन्म हुन पुग्यो।

हबिबका अनुसार यी दुवै राष्ट्रवाद बेलायती उपनिवेशले हिन्दु र मुसलमानबारे एकपक्षीय विभाजनकारी व्याख्या र शासनबाट **बाँकी ८ पेजमा**

## भारतीय तरकारी र फलफूल आयात घट्यो

काठमाडौं। सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत स्वदेशी उत्पादनलाई संरक्षण गर्न तरकारी, फलफूल तथा केही मासुजन्य वस्तुमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाएपछि भारतीय बजारबाट नेपालतर्फ तरकारी र फलफूलको आयात घटेको छ। सरकारले सार्वजनिक गरेको २०८०/०८१ बजेट र आर्थिक ऐन, २०८० ले तरकारी, फलफूल तथा केही मासुजन्य वस्तुमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाएपछि पूर्वी नाका काँकरभिट्टाबाट तरकारी र फलफूल आयात कम भएको प्लान्ट क्वारेन्टिन कार्यालय काँकरभिट्टाले जनाएको छ। **बाँकी ८ पेजमा**

## कार्की बने प्रधानन्यायाधीश



काठमाडौं। कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की २०८० असार १ गतेबाट नेपालको ३० औं प्रधानन्यायाधीश बनेका छन्। प्रधानन्यायाधीशका रूपमा सिफारिस भएका कार्कीको बिहीबार संसदीय सुनुवाइ भएको थियो। संवैधानिक परिषद्ले प्रधानन्यायाधीशका रूपमा सिफारिस गरेको ४० औं दिनमा कार्की प्रधानन्यायाधीश बनेका हुन्। कार्कीले प्रधानन्यायाधीशका रूपमा गर्न पाउने सेवा अवधि भने अहिलेसम्मकै छोटो हुनेछ। कार्कीले प्रधानन्यायाधीशका रूपमा जम्मा ५० दिन सेवा गर्न पाउने देखिएको छ। शैक्षिक प्रमाणपत्रमा कार्कीको जन्म मिति २०१५ साउन २० गते उल्लेख रहेको कारण उनी २०८० साउन २० गतेबाट **बाँकी ८ पेजमा**

## सांसदहरूले गरे खर्च कटौतीको प्रस्ताव

काठमाडौं। प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाइ खर्च कटौती गरियोस् भनी प्रस्ताव पेस भएको छ। संसद्को बैठकमा सांसद नारायणप्रसाद आचार्य, प्रेम सुवाल, भगवती चौधरी र सूर्यप्रसाद ढकालले विभिन्न मन्त्रालयको विनियोजन शीर्षकको खर्च रकम कटौतीको प्रस्ताव गरे।

सांसद आचार्यले ‘विनियोजन विधेयक, २०८० अन्तर्गत वन तथा वातावरण मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्’ भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै बजेट सन्तुलनकारी **बाँकी ८ पेजमा**

## एनसेल लाभकरसम्बन्धी फैसला सकारात्मक

काठमाडौं। एनसेल लाभकरसम्बन्धी हालै सार्वजनिक अन्तर्राष्ट्रिय न्यायाधिकरणको फैसलालाई नेपाल सरकारले सकारात्मक तरिकाले ग्रहण गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकमा यसबारे छलफल हुँदा नेपालले मुद्दा जितेसँगै दाबीबमोजिमको ठूलो क्षतिपूर्ति रकम जोगिनु देशका लागि हितकारी भएको निष्कर्ष बताइन्छ।

नेपालको दूरसञ्चार सेवा प्रदायक एनसेल किनबेचसम्बन्धी लाभकरका विषयमा यसको माउ कम्पनी आजियाटा समूहले सन् २०१९ मा विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय लगानीसम्बन्धी विवाद समाधान गर्ने निकाय **बाँकी ८ पेजमा**

## रोजगारीको आकर्षक गन्तव्य बन्दै यूएई

काठमाडौं। वैदेशिक रोजगारीका लागि मुलुकको प्रमुख श्रम गन्तव्यमध्ये एक यूएई र नेपालबीचको श्रमसम्झौता नवीकरण भएको छ। सम्झौता चार वर्षसम्म कायम रहनेछ। चार वर्षअघि अर्थात् सन् २०१९ मा नेपाल र यूएईबीच श्रमसम्झौता भएको थियो। नेपाल र यूएईबीच यही सम्झौतासम्बन्धी संयुक्त कार्यसमितिको बुधबार काठमाडौंमा बैठक बसेको हो। यही दुईपक्षीय वार्तामा श्रमसम्झौता नवीकरण गर्ने विषयमा दुवै मुलुक सहमतिमा पुगेका हुन्।

सम्झौता नवीकरण गर्ने र यसबीचमा आएका विभिन्न समस्या समाधान गर्ने उद्देश्यले काठमाडौंमा दुई मुलुकका पदाधिकारी सम्मिलित **बाँकी ८ पेजमा**

## “असम्भव” शब्द हर्कको डायरीमा छैन



काठमाडौं। गत स्थानीय निर्वाचनमा खानेपानीलाई एकसूत्रीय एजेन्डा बनाएर धरानमा मेयरको उम्मेदवार बनेका थिए हर्कराज राई साम्पाङ। धरान उपमहानगरका मतदाताले सबै राजनीतिक दलहरूलाई निषेध गर्दै स्वतन्त्र उम्मेदवार बनेका साम्पाङलाई अत्यधिक बहुमत दिएर मेयरमा निर्वाचित गरे। काकाकुल बनेका धरानबासीलाई खानेपानी खुवाउने उनले जुन प्रतिबद्धता गरेका थिए अहिले त्यो पूरा हुँदै जाँदैछ। ९८ औं दिनमा ४० किलोमिटर टाढा कोकाहा खोलाको पानी पकुवामा झारेपछि मेयर हर्कका आँखाबाट खुसीका अश्रुधारा नै बगे। धरानबासी हर्षित भए।

कोकाहा खोलाको पानी धरानबासीलाई खुवाउने हर्कको मेहनत चिनियाँ लोककथा ‘एउटा मूर्ख बूढो मान्छेले कसरी पहाड हटायो’ सँग मिल्दोजुल्दो लाग्छ। घरकै अगाडि बडेमानको पहाड देखेर एक बूढा मान्छे पहाड खन्न थाल्छन्। उनको सिंगो जीवनले पहाड ढाल्ने सम्भव नै थिएन। तर पनि ती बूढा चिनियाँ दिनहुँ पहाड खन्न छोड्दैनन्। उनको दृढ अठोट र मेहनत देखेर ईश्वर प्रसन्न हुन्छन् र त्यो पहाडलाई त्यहाँबाट स्थान्तरण गरिदिन्छन्। बूढालाई अरुले तपाईंले यो पहाड खनेर हटाउन कहिले सक्नुहुन्छ ? भनेर बारम्बार प्रश्न गर्थे। उनले जवाफ दिन्थे– ‘म, मपछि मेरो छोरा, नाति पनाति सबैले पहाड खन्न निरन्तरता दिनेछन्। पहाड बढ्ने त होइन। एकदिन कसो नढल्ला ?’ उनको दृढ मनोबलबाट ईश्वरलाई दयालु बन्न बाध्य बनाएको थियो। हर्कले पनि चिनियाँ बूढोले झैं कोकाहाको पानी पकुवामा ल्याउन अथक मेहनत गरे। उनलाई साथ दिए ईश्वररुपी धरानबासी जनताले। असम्भव भन्ने शब्द मेरो डायरीमा छैन भन्थे हिटलर। साँच्ची हर्कको डायरीमा पनि असम्भव भन्ने शब्द रहेनछ।

कोकाहा खोला धरान २० विष्णुपादुकामा पर्छ। महाभारत पर्वत श्रृंखलाबाट निस्केर बराहक्षेत्र मन्दिर नजिकै सप्तकोशी नदीमा मिसिन्छ कोलाहा खोला। **बाँकी ८ पेजमा**

## ओमानको बोरामा इरानको मल नेपालमा

काठमाडौं। इरानबाट खरिद गरेको युरिया मल नेपालको गोदामसम्म आइपुग्दा उत्पादक मुलुकको नाम नै परिवर्तन गरेको भेटिएको छ। नेपालका लागि इन्डियन पोटास लिमिटेड (आईपीएल) ले इरानबाट खरिद गरेको साढे २७ हजार मेट्रिक टन युरिया मल नेपाली गोदामसम्म **बाँकी ८ पेजमा**

## डा. वैकुण्ठ अर्याल मुख्यसचिव



काठमाडौं। सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव डा. वैकुण्ठ अर्याललाई नेपाल सरकारको मुख्यसचिवमा नियुक्त गर्ने निर्णय गरेको छ।

बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले डा. अर्याललाई मुख्यसचिव **बाँकी ८ पेजमा**

## प्रत्यक्ष परोक्ष रूपमा भारतको हस्तक्षेप

**समय सन्दर्भ**

■ **युवराज गौतम**

सन् १९५४ को मे ८ मा प्रकाशित एउटा पुस्तकमा भारतीय शासकहरूको नेपालप्रतिको धारणा स्पष्ट रुपमा उल्लेख भएको छ। नेपाली राजनीतिमा धेरै चासो लिने भारत, चीन, अमेरिका र वेलायत जस्ता मुलुकहरूले शुरुदेखि नै आ-आफ्नो स्वार्थकालागि नेपाली भूमिलाई प्रयोग गर्न खोजेको इतिहास देखिन्छ। भारतका पुराना पत्रकार गिरिधारीलाल जैनले आफ्नो एउटा पुस्तकमा चीन र भारत दुवैका लागि नेपाल रणनीतिक महत्वको देश भएकाले नेपालप्रति ती दुवै देशले स्वार्थपूर्ण दृष्टिकोण राख्ने गरेको विश्लेषण गरेका छन्।

वि.सं. २००७ सालपछि नेपालमा बन्ने हरेक सरकार दिल्लीको स्वार्थमा निर्माण हुने परम्परा बसेपछि नेपाली राजनीतिमा दिल्लीको प्रभाव बढ्दै जानु स्वभाविकै थियो। चीनसँग कूटनीतिक सम्वन्ध स्थापना भएपनि नेपाली राजनीतिमा चीनले धेरै वर्षसम्म प्रत्यक्ष र अप्रत्यक्ष रुपमा त्यति धेरै चासो राखेको पाइदैन। सन् १९४९ मा कम्युनिष्ट पार्टीको नेतृत्व गर्दै चीनमा माओत्सेतुङले एक दलीय शासन शुरु गरेपनि नेपालको राजतन्त्रप्रति उनले दुराग्रह राखेनन्। उनलाई भेट्न जाने डा. केशरजंग रायमाझीलगायतका नेताहरूलाई राजासँग मिलेर काम गर्नु भन्ने सल्लाह दिएका थिए। माओको धारणा थियो - ‘कम्युनिष्टहरूले साम्राज्यवादीहरूसँग लड्न सामन्तवादीहरूसँग सहकार्य गर्नुपर्छ। त्यसैले अमेरिका र भारत जस्तो साम्राज्यवादी तथा विस्तारवादी शक्तिसँग लड्न तपाईहरू राजासँग सहकार्य गर्नुहोस्’ भनेर माओले भनेको कुरा पुराना वामपन्थी नेता डा. केशरजंग रायमाझी बताउँछन्।

**सुगौली सन्धिदेखि हालसम्मका प्रत्येक घटनाक्रममा नेपालका अधिकांश नेताहरूले राष्ट्रघात गरेको स्पष्ट देखिएको छ। गजराज मिश्र र चन्द्रशेखर उपाध्याय दाहालले सुगौली सन्धिमा राष्ट्रघात गरेर नेपाल र नेपालीको हितविरूद्ध काम गरे भने इतिहासका विभिन्न कालखण्डमा थरीथरीका अनुहार भएका राष्ट्रघातीहरू जन्मिएका छन्।**

इतिहासका पानाहरूमा राष्ट्रघातीहरू मार्फत वैदेशिक हस्तक्षेप चर्काउने गरिएका थुप्रै उदाहरणहरू पाइन्छन्। राष्ट्रघातका पर्याय मानिने नर्वेका नेता भिटकुन क्वीजलिङ (Vidkun Abraham Lauritz Jonson Quisling) जस्ता नेताहरूले विदेशी शक्तिहरूलाई सजिलो बनाउने काम गरेका छन्। सन् १८८७ मा जन्मिएर १९४५ मा निधन भएका क्वीजलिङ त्यहाँका सेनाका उच्चपदस्थ अधिकारी र रक्षामन्त्री समेत भए। उनी त्यहाँको राजनीतिमा प्रभाव फैल्याउँदै जाँदा प्रधानमन्त्री समेत बन्न पुगे। प्रधानमन्त्री पदलाई उनले ‘मिनिस्टर प्रेसिडेन्ट’ भन्ने नामाकरण गरेका थिए। राष्ट्रिय एकता (नेशनल युनिटी) नामको पार्टी खोलेर उनले राष्ट्रवादी भएको नाटक पनि गरे। तर जब जर्मनीले नर्वेमा हमला गरेर त्यहाँको राष्ट्रियता र राजतन्त्रमाथि हस्तक्षेप शुरु गर्‍यो, त्यसबेला जर्मनीतिर लागेर क्वीजलिङले नर्वेको राजसंस्था र जनता दुबैलाई धोका दिए।

‘गद्दार -ए-हिन्द’ भनेर कुख्यात बनेका मीरमहमद जाफर (मीर जाफर)-ले बंगालका नवाव सिराज उद्दौलालाई धोका दिएर सन् १७५७ मा प्लासीको युद्धमा राष्ट्रघात गरे। अंग्रेज कमाण्डर रोवर्ट ओलिभसँग मिलेर उनले आफ्नै मुलुक र राष्ट्राध्यक्षलाई धोका दिएको कुरा इतिहासमा वर्णन गरिएको छ। आज **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल
कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक
कृष्णराज दुलाल
प्रबन्ध निर्देशक
किरण थापा
अतिथि सम्पादक
विष्णु भट्टराई
सहसम्पादक
घनश्याम ओली
संवाददाता
रामशरण रिमाल
सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार
डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री उद्धव पौडेल, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### प्लास्टिकजन्य फोहोरबाट जनस्वास्थ्यमा खतरा

प्लास्टिकजन्य फोहोर बडो जटिल हुन्छ र यो कहिल्यै पनि नष्ट हुँदैन । प्लास्टिकजन्य फोहोरमैला आज विश्वकैसामु परमाणुअस्त्रको प्रयोगभन्दा कैयौं अधिक ठूलो खतरा भएर आएको देखिन्छ । यो विनास नहुने घातक फोहोरका कारण लगभग १ लाखभन्दा बढी दुर्लभ समुन्द्री जीवप्रति वर्ष मारिन्छन् र १० लाखभन्दा बढी समुन्द्रमा कुल ६० हजार भन्दा बढी प्लास्टिक झोला हर समय तैरिरहेको हुन्छ । जुन प्लास्टिकको फोहोरलाई रिसाइक्लिङ गरिन्छ, त्यसमा हजारौं रूपैयाँ प्रतिटन खर्च लाग्दछ । जुन त्यसको वास्तविक मूल्यभन्दा धेरै बढी हुन जान्छ । यसैले जुन फोहोर रिसाइकिलिङ हुन्छ त्यसको कुनै ठूलो लाभ पर्यावरणलाई प्राप्त हुँदैन । एक अध्ययनका अनुसार बिसफेनोल जसबाट प्लास्टिक बन्छ । प्रत्येक केटाकेटी युवा वृद्धको शरीरमा पाइन्छ ।

बढ्दो जनसंख्या र नियोजित एवं अदूरदर्शी औद्योगिक विकासका कारण पूरा देश प्लास्टिकजन्य फोहरको थुप्रो बढ्दै छ । केहीकतै कुनै योजना छैन । देशको नागरिकमा न त यस सन्दर्भमा आवश्यक जागरूकता नै छ र न त कुनै सजग र सर्तक प्रशासनिक यन्त्र । सहरबाट प्रतिदिन निस्कने हजारौं टन फोहर धरतीका लागि खतरा बनिरहेको छ । सडक किनार सर्वत्र फ्यालिएको छरपस्ट फोहरले पर्यावरणलाई नोक्सान पु-याइरहेको छ ।

यसबाट निस्कने धुवाँले पर्यावरणलाई मात्र नभई जनसमुदायका लागि पनि खतरा बन्दै छ । प्लास्टिकजन्य फोहोर बाल्दा निस्किने विषालु ग्यास कैयौं प्रकारका बिमारीका कारण मात्र बन्दैन बरू पर्यावरणलाई पनि ठूलो नोक्सान पुऱ्याउँदछ । यो धुवाँ ती मानिसका लागि विशेष रूपले खतरनाक हुन्छ जो श्वासप्रश्वाससम्बन्धी रोगबाट पीडित हुन्छन् । सबैभन्दा खतरनाक स्थिति यो छ कि जमिनमा रहेको प्लास्टिकजन्य फोहर वर्षातको पानीमा मिसियर भूतलसम्म ती खतरनाक रसायन पुऱ्याउँदै छ जुन मानव जातिका लागि विनासक सिद्ध हुन सक्छ । यो रसायनले पछि भूजललाई पनि विषाक्त बनाउँदै जानेछ ।

काठमाडौंमा मात्र दैनिक ४ लाख ७० हजारदेखि ४ लाख ८० हजार प्लास्टिकका झोला दैनिक प्रयोग हुन्छ । नेपालमा १६ प्रतिशत सहरी फोहोरमैला प्लास्टिकजन्य उत्पादनका हुन्छन् जसबाट २ दशमलव ७ टन दैनिक प्लास्टिकजन्य फोहोर मैला निस्कन्छ । यदि हामी दैनिक तहमा हेऱ्यौं भने अनुसनधानकर्ताको दाबीअनुसार जनसमुदायले आजसम्म एक एक करोड टन प्लास्टिक उत्पादन गरेका छन् । जसमध्ये धेरैजसो प्रकृतिमा विलिन भएर जान्छन् । जसले मानव समुदाय तथा पर्यावरणलाई हानि पुऱ्याउँछ ।

एक अनुमानअनुसार उत्पादित प्लास्टिकजन्य फोहोरमैलामध्ये आधा मात्र उचित तरिकाले तह लगाइन्छ । नेपालभरि वर्षमा ५६ लाख प्लास्टिकको फोहोर उत्पादन गर्ने लाजमर्दो अवस्था छ तर त्यसमध्ये लगभग आधा प्लास्टिकको फोहोर राम्रोसँग संकलन हुन पाउँदैन । जसको परिणामस्वरूप हाम्रा नदीहरू पर्यावरण तथा परिस्थितिकीय तन्त्र दिनानुदिन गम्भीर रूपबाट विषाक्त हुँदै गइरहेको छ । यस प्रदूषणले गर्दा धेरै विस्फोटक र विनाशकारी हुँदै गइरहेको छ । यसले आधुनिक मानव समाजलाई नै सास मुस्किल बनाएको छ ।


फलफूल तथा तरकारी केटाकेटीको दूध खाने बोतल, पिउने पानीको बोतल, कोल्ड ड्रिंसको बोतल तथा अन्य पदार्थहरू पूर्णरूपमा प्लास्टिकमा निर्भर छन् । समयको साथसाथै यी प्लास्टिकबाट विषफिनोल रसाउन थाल्छ र यी पदार्थ मिसियर हाम्रो शरीरमा पुग्दछ । प्लास्टिकले हाम्रो शरीरमा हुने उपस्थिति कैयौं पुस्ताहरूसम्म आफ्नो कुप्रभाव फैलाउन सक्षम भइरहन्छ ।

पर्यावरणका लागि धेरै नोक्सान पु-याउने प्लास्टिकको झोलामा प्रतिबन्ध लगाउन कानुन पहिले पनि बनाइएको छ तर यसको उपयोग प्रभावकारी हुन सकेको छैन । प्रत्येक नागरिकलाई प्लास्टिकको दुरूपयोगबाट हुने खतराबाट सचेतना गराउनुपर्ने हुन्छ । प्लास्टिकजन्य फोहोर बाल्दा निस्कने विषालु ग्यास कैयौं प्रकारका बिमारीको कारण बनिरहेको छ र पर्यावरणलाई पनि ठूलो नोक्सानी पु-याइरहेको छ। राज्यको नीतिनिर्माण कार्यान्वयन तहका साथै सबै सरोकारवालाले नसोच्ने हो भने आउँदा दिनमा यसको दुष्परिणाम आजको पुस्ताले मात्र होइन भावी पुस्ताले पनि भोग्नुपर्ने हुन्छ ।

# अशोक, अखण्ड भारत, अग्नीपथ अनि विशाल नेपाल



सुरेन्द्र ढकाल

























**अशोक**

ईसापूर्व ३०४ देखि २३२ सम्म भारतमा शासन गर्ने मौर्य वंशका तेस्रा सम्राट अशोक थिए । मगधका राजा अशोकको राजधानी पाटलीपुत्र (हालको पटना) थियो । यिनको साम्राज्य पूर्वमा हालको बंगलादेशदेखि पश्चिममा अफगानिस्तानसम्म थियो । भारतलाई तन्काउने क्रममा भएको कलिंग युद्धमा आफ्नै आँखाले ठूलो नरसंहार भएको देखेपछि यिनले आफूलाई बौद्धमार्गी बनाए र बौद्ध धर्मको प्रचारमा लागे । यही क्रम यिनी लुम्बिनी आई त्यहाँ अशोक स्तम्भ ठड्याए । जुन स्तम्भमा बुद्ध यहाँ जन्मेका हुन् भनेर लेखिएको छ । यिनले आफ्नी छोरी चारुमतीलाई नेपालका तत्कालीन गोपालवंशी राजकुमार देवपालसँग विवाह गराई देवपत्तन (हालको देउपाटन र जयवागेश्वरीले ओगटेको क्षेत्र) नामक सहर स्थापना गरे र हालको मित्रपार्कमा रहेको बौद्ध चैत्य पनि यिनले बनाउन लगाएको प्रागऐतिहासिक कुरा इतिहासमा पढ्न पाइन्छ । यद्यपि नेपालको तथ्यमा आधारित इतिहास भने चारौं शताब्दिको चाँगुनारायण मन्दिरमा ठडिएको लिच्छवी राजा मानदेवको पालाको शिलालेख नै हो । त्योभन्दा अगाडिको नेपालको इतिहास वंशावलीमा मात्रै पाइन्छ जसको प्रामाणिक तथ्य अझ भेट्टाउन बाँकी नै छ । यद्यपि सिंजा क्षेत्रमा भेटिएका अवशेषहरूले सिंजा उपत्यकाको सभ्यता नै तन्केर गएर कालान्तरमा सिन्धुघाँटीको सभ्यता भएको हो जुन मानव सभ्यताको सुरुवाती चरण हो भन्ने पुष्टि गर्न खोज्छ । जे होस् अशोककालिन अखण्ड भनिने भारत जतिसुकै ठूलो र शक्तिशाली भए तापनि नेपालका गोपालवंशी राजाहरू त्यस अखण्ड भारतअन्तर्गत थिएनन् बरु उनीहरूको शक्तिलाई मूल्यांकन गरेर नै सम्राट अशोकले आफ्नी छोरी चारुमतिलाई नेपाली राजकुमार देवपालसँग विवाह बन्धनमा बाँधेका थिए ।

**अखण्ड भारत**

सन् १९४७ मा भारत अंग्रेजी उपनिवेशबाट स्वतन्त्र भएको र चीनले पनि जापानी उपनिवेशबाट आफूलाई मुक्त गरेको अवस्थामा भारत र चीनबीचको सम्बन्ध त्यतिखेर ज्यादै घनिष्ट थियो । हिन्दी चिनी भाइभाइको नाराले केन्द्रीय दक्षिण एसिया गुन्जायमान भएको थियो । तर सन १९६२ सम्ममा आउँदा सीमा विवादको कारण भारत–चीनबीच युद्ध हुन पुग्यो जसमा भारत नराम्ररी पराजित हुन पुग्यो । यसको कारण लद्याख क्षेत्रमा चीनको आधिपत्य कायम भयो जसलाई भारतले आफ्नो भूमि भन्दै आएको छ । चिनियाँ सैनिकद्वारा लखेटिने क्रममा भारतको एक सैन्य टोलीले दिल्लीतर्फ नलागी नेपालको कालापानी क्षेत्रमा आइ शरण लियो । शरणको मरण गर्न हुन्न भन्ने नेपाली मान्यताअनुरुप राजा महेन्द्रले १७ नेपाली स्थानहरूमा रहेको भारतीय चेक पोस्ट नेपालबाट हटाए तापनि कालापानीबाट ती भारतीय सेना र तिनको ब्यारेक हटाएनन् ।

युद्धमा चीनसँग पराजित भएपछि भारतीय पराजित मनोविज्ञान विक्षिप्त हुन पुग्यो । झन् त्यसमाथि नेपालको पंचायत ब्यवस्थालाई चीनले समर्थन गरेको कारण नेपालमाथि लगाएको भारतीय आर्थिक नाकावन्दी फिर्ता लिनुपर्ने अवस्था आई राजाको प्रत्यक्ष नेतृत्वमा चलेको पंचायत व्यवस्थालाई मान्नुपर्ने बाध्यतामा भारतका प्रधानमन्त्री नेहरू परे र यही मनोवैज्ञानिक कुटनीतिक पराजयको कारण उनको मृत्यु भयो । केही समयका लागि लालबहादुर शास्त्री भारतको प्रधानमन्त्री बने तापनि दुर्घटनामा भएको उनको निधनको कारण नेहरूकी छोरी इन्दिरा भारतकी प्रधानमन्त्री बनिन् । उनको पहिलो उद्देश्य नै पराजित मनस्थितिबाट भारतलाई माथि उचाल्नु थियो । त्यसैले उनको नेतृत्वमा रहेको भारतले असंलग्न परराष्ट्र नीति त्यागी तत्कालिन सोभियत संघसँग २० वर्षे सैनिक सम्झौता गऱ्यो र त्यसैको बलमा पाकिस्तानलाई टुक्र्याइ बंगलादेश बनाउन र सिक्किमलाई भारतमा विलय गराउन इन्दिरा सफल भइन् । अखण्ड भारत विस्तारै तन्कियो । भारतले यतिसम्म गर्दा पनि चीनले केही गर्न सकेन, टुलुटुलु हेरेर मात्रै बसेपछि हिजो नेहरूलाई कुटनीतिमा पछार्न सफल राजा महेन्द्रको स्थिति खस्कियो । सायद त्यसैको कारण हो वा भारतीय चिकित्सकको षडयन्त्रको कारण उनको मृत्यु भयो । अब अन्तर्राष्ट्रिय कुटनीतिक रुपमा भारतलाई एक्लो नबनाउने हो भने भारतले सिक्किम झैं नेपाल खान्छ, चीन टुलुटुलु हरेर बस्छ भनेर राजा वीरेन्द्रले आफ्नो राज्याभिषेकको अवसर पारी नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भने प्रस्ताव विश्वसमक्ष राखे । चीन यो प्रस्ताव समर्थन गर्ने पहिलो राष्ट्र बन्यो, भारतले त यो प्रस्ताव मान्दै मानेन बल्कि प्रस्ताव मानिसकेको सोभियत संघले पनि भारतको दबाबमा समर्थन फिर्ता लिए पछि नेपाल र दिल्ली दरबारबीचको शत्रुता चुलीयो र कालान्तरमा यो शत्रुता वीरेन्द्रको वंश विनाशको कारक तत्व बन्न पुग्यो ।

जसरी पाकिस्तानलाई टुक्र्याइ बंगलादेश बनाउन भारत सफल भयो । त्यसैगरी भारतलाई टुक्र्याई स्वतन्त्र खालिस्तान बनाउन विदेशीहरू पनि लागि परेका थिए । अखण्ड भारत बनाउन कम्मर कसेर लागेकी इन्दिराले त्यो आन्दोलनलाई निर्मम रुपमा दबाइन् । पंजावीहरूको आस्थाको केन्द्रको रुपमा रहेको अमृतसरको स्वर्ण मन्दिरभित्र भारतीय सेना प्रवेश गरी आन्दोलनका नेता भिंद्रेनवालालाई माऱ्यो । अनि पुरै सिख मनोविज्ञान इन्दिरा विरोधी भयो जसको फलस्वरुप सिख ज्ञानी जैलसिंह भारतको राष्ट्रपति भएकै बेलामा शिख अंगरक्षकले इन्दिरा गान्धीको हत्या गरिदिएपछि नेपाललाई तुरुन्तै सिक्किम बनाउने इन्दिराको योजना केही समयका लागि तुहियो । त्यसपछि भारतको शासनमा लामो समयसम्म कांग्रेस छाइनै रहने अवस्था रहेन । इन्दिरा जसरी भारतको पराजित मनोविज्ञान उचाल्न सफल भएकी थिइन् । त्यसैगरी मृत्युअघि उनी आन्तरिक रुपमा पनि शक्ति संचय गर्ने क्रममा लागी भारतमा संकट काल लगाएकी थिइन् । यसका विरुद्ध जनता पार्टीको नेतृत्वमा आन्दोलन चर्कियो र चर्किंदै जाँदा सम्पन्न भएको चुनावमा इन्दिराले हार बेहोरिन र मोरारजी देशाइ प्रधानमन्त्री र अटल विहारी विदेश मन्त्री बने । तत्पश्चात भारतीय राजनीतिमा भारतीय जनता पार्टीले प्रवेश पायो र कालान्तरमा यही दलले बहुमत हासिल गरी मोदी दोस्रोकालसम्म भारतको प्रधानमन्त्री भइरहेको अवस्था छ अहिले ।

**अग्निपथ**

अग्निपथ भारतको मोदी सरकारले ४ जुन २०२२ देखि लागु गरेको नयाँ सैन्य योजना हो । यस योजनाअन्तर्गत नेपाल र भारतका युवाहरूलाई भारतीय सैनिकमा प्रवेस गराइ ४ वर्षसम्म भारतीय सैन्य तालिम दिइन्छ । चार वर्ष पुगेपछि त्यसको २५ प्रतिशतलाई मात्रै नियमित भारतीय सेनामा संलग्न गराइन्छ भने बाँकी ७५ प्रतिशतलाई भारु ११ लाख ७१ हजार (नेपाली रुपैयाँ १८ लाख ७३ हजार ६ सय) को एकमुस्ट रकम दिइ विदा गरिन्छ । यो अग्निपथ योजनाको मुख्य उद्देश्य अशोककालिन अखण्ड भारत बनाउने सपनालाई यथार्थमा परिणत गर्ने हो र त्यसको लागि सम्पूर्ण भारतीय र नेपाली युवालाई सैनिक तालिम दिइ चीनसँग युद्धमा होमी सन १९६२ को युद्धको हारको बदला मात्रै नलिइ अखण्ड भारत निर्माण गर्ने क्रम पुनः सुरु गर्नु हो । भारतको नयाँ संसद भवनको भित्तामा तथाकथित अखण्ड भारतको नक्सा झुण्ड्याउनुलाई ट्रेलर मात्रै मान्न सकिन्छ । हिजो सोभियत संघसँग मिलेर सिक्किम खाने भारत अहिले हिन्द प्रसान्त रणनीतिअन्तगर्त अमेरिका र पश्चिमसँग सैनिक सहकार्य गरी अग्निपथमा सामेल नेपालका युवाहरूलाई समेत परिचालन गरी नेपालकै भूमिबाट तिब्बत विखण्डन गर्ने युद्धको उद्घोष गर्ने र तिब्बत स्वतन्त्र हुनासाथ २४ घण्टाभित्रै नेपाललाई सिक्किम बनाउने खतरनाक षडयन्त्रमा लागेको छ ।

**नेपाल जोगाउने निर्विकल्प उपाय : विशाल नेपाल**

भारतको अग्निपथ योजना र अमेरिकाको हिन्द प्रशान्त रणनीति सफल हुँदै जाँदा चीन विखण्डन भई तिब्बत स्वतन्त्र हुने र नेपाल भारतमा विलय हुने निश्चित छ । तसर्थ भारत अमेरिकी यो योजना तुहाउन अब चीन, पाकिस्तान, नेपाल, भुटान र बंगलादेश एकै सैनिक मोर्चामा उभिन जरुरी छ । विशाल नेपाल निर्माण भएमात्र तिब्बत सदाको लागि सुरक्षित हुन्छ भन्ने कुरा चीनले बुझी सहकार्य गर्ने हो भने पहिलो चरणमा कालापानीबाट भारतीय सेनालाई लघार्न सकिनेछ भने दोस्रो चरणमा नेपाल बंगलादेशबीचको भारतले खाइरहेको नेपाली भूमि (चिकेन नेक) मा नेपालको नियन्त्रण हुनु जरुरी छ । यसो भयो भने दिल्लीसँग अरुणांचल प्रदेशको भौतिक सम्बन्ध टुट्न गई त्यहाँ आसाम, मेघालय, नागालैण्ड, बोडो अनि त्रिपुराजस्ता नयाँ नयाँ स्वतन्त्र देशहरू पनि बन्ने छन् । यसको लागि भारत अमेरिकी एजेन्टको सरकारलाई विस्थापित गरी नेपालमा विशुद्ध राष्ट्रवादीहरूको सरकार बन्नुपर्ने छ । हालै भारतको अदालतले सिक्किममा भारतका अन्य राज्यबाट जोकोही गई त्यहाँ जग्गा किनी घरवास गर्न पाउने आदेश गरेको छ, जसको कारण अब सिक्किम सिक्किमेहरूको नभई भारतीय आप्रवासीहरूको हातमा पुगी सिक्किमेहरू भुटानी नेपालीहरू जस्तै त्यहाँबाट पनि लघारिने स्थिति आउँदैछ । त्यसका लागि मोदी सरकार ज्यान फालेर अघि बढिरहेको अवस्थामा अब सिक्किमेहरू पनि चुप लागेर बस्नु हुँदैन । अर्कोतर्फ अब नेपालले गोर्खा भर्ती पुरै बन्द मात्र नगरी भारतीय गोर्खा सैनिकमा रहेका नेपालीहरूलाई उही पद र तलव दिने गरी नेपाल फर्काउनु पर्दछ । त्यसैगरी १८ वर्ष उमेर पुगेका सबै नेपालीलाई अनिवार्य सीपमूलक सैनिक तालिम दिइ उनीहरूलाई आत्मरक्षा र आफनै खुट्टामा उभिइ कमाउन सक्ने बनाउनु पर्दछ । यसो गरे मात्रै नेपाली स्वतन्त्रता, राष्ट्रियता र विशाल नेपालको भौगोलिक अखण्डता जोगिन्छ र अखण्ड भारतलाई राम्रै चुनौति दिन सकिन्छ ।

# पञ्चकुमारी विकास समिति र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

**अशोक के.सी**

### परिचय

पञ्चकुमारी मन्दिर कामनपा वडा नं ३१ नयाँ बानेश्वरमा परापूर्वकालदेखि रहिआएको हो। मेरो घरबाट करिब १०० मिटर उत्तर लागेपछि पूर्व मोडिनासाथ ठूलो खरीको रुखको फेदमा पञ्चकुमारी माता विराजमान हुनुहुन्छ। म सानै छँदा मेरी आमा र नयाँ बानेश्वरको यो पञ्चकुमारी मन्दिर आसपासका मान्छेहरू विशेष चाडपर्व तथा दिनहरूमा समेत पञ्चकुमारी माताको पूजाआजा गर्न जान्थे। यो क्रमले निरन्तरता पाइरहँदा म केटाकेटीबाट हुर्कदै युवा भए र पञ्चकुमारी माताले त स्थानीय टोलवासीहरूको रक्षा गर्नु हुने रहेछ भन्ने कुरा थाहा पाउनुको साथै पञ्चकुमारी माताको वासस्थान खरीको रुखमा रहेछ भन्ने कुरा पनि थाहा पाएँ। समयले साथ दियो भनौं वा पञ्चकुमारी माताको कृपाको कारण २०७६ सालमा गठित पञ्चकुमारी विकास समितिको अध्यक्ष भई पहिले पञ्चकुमारी सामाजिक गुठीले बनाएको पञ्चकुमारी मन्दिर पुनरनिर्माण गर्ने अवसर प्राप्त गरेँ। मन्दिर निर्माणकै क्रममा पञ्चकुमारी भगवती साक्षात हुनुहुन्छ भन्ने कुराहरू पनि टोलका काका, दाइ अनि आफन्तजनहरूबाट पनि सुनेँ। अनि पञ्चकुमारी देवी भनेको दुर्गा, लक्ष्मी, सरस्वती, राधा र गायत्री यी पाँचकुमारीहरूको समूह हुनुहुदो रहेछ भन्ने पनि थाहा पाएँ। जस्मा दुर्गाले शक्ति सामर्थ्य, लक्ष्मीले धनधान्य र ऐश्वर्य, सरस्वतीले शिक्षा र विद्या, राधाले प्रेम र भक्ति अनि गायत्रीले स्ववोधसहितको ब्रह्मज्ञान प्रदान गर्नु हुने रहेछ। यसरी हाम्रो सनातनी परम्पराअन्तर्गत जीवनकालमा मनोवान्छित भौतिक सुखसुविधा प्राप्त गरी अन्त्यमा मोक्ष प्राप्त गर्ने अनेक विधि तथा उपायहरूमध्ये पञ्चकुमारी भगवतीको पूजाअर्चना पनि एक रहेछ भन्ने थाहा पाएर मैले आफूलाई असाध्यै भाग्यमानी ठानिरहेको छु।

### समितिको क्रियाकलाप

समितिले मन्दिरको संरक्षण र निरन्तर विकास गर्नुको अतिरिक्त स्थानीय स्तरमा रहेका संघसंस्थाहरूको सहकार्यमा टोल सरसफाइ अभियान, वातावरण संरक्षण तथा प्रवर्द्धन तथा स्वास्थ्य शिविरजस्ता विविध कार्यहरू संचालन गर्ने गर्दछ। यस्ता कार्यहरूमा स्थानीयवासीहरूको उत्साहप्रद सहभागिता हुने गरेको छ।

### सुरेन्द्र ढकाल प्रतिष्ठानसंग सहकार्य

यस पञ्चकुमारी मन्दिरलाई आजको सुन्दर अवस्थामा ल्याउन यस क्षेत्र, मनकारी स्थानीयवासी, वडा र संघसंस्थाहरूको ठूलो सहयोग रहेको छ। उहाँहरूकै सहयोग र सदासयताले मन्दिरको पूजाआजा संचालन निर्वाध रुपमा अगाडि बढिरहेको छ भन्न पाउँदा मलाई ठूलो खुसीको अनुभूति हुन्छ। यसै क्रममा २०७९ सालदेखि यस पञ्चकुमारी विकास समिति र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य सुरु भएको छ। यसै वडामा रहेको प्रतिष्ठानले पञ्चकुमारी विकास समितिलाई पहिलो सहयोगको रुपमा रु १ लाख प्रदान गरेको थियो। तत्पश्चात यस समितिले प्रतिष्ठानसँगको आवद्धतापत्र समेत प्राप्त गरेपश्चात वार्षिक रुपमा प्रतिष्ठानबाट सहयोग प्राप्त गर्ने बाटो पनि खुलेको छ। यस्को लागि पंचकुमारी विकाश समिति सुरेन्द्र ढकाल प्रतिष्ठान प्रति कृतज्ञ रहेको छ। आउदा वर्षहरूमा प्रतिष्ठानबाट हुने निरन्तर सहयोगले यस पञ्चकुमारी मन्दिरको संरक्षण र यसको पूजाआजा संचालन अझ राम्रोसँग सम्पादन हुन सक्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ।











कथा

# आगोका लप्काहरू

लक्ष्मी उप्रेती

आज प्रकाशित प्राय: सबै पत्रपत्रिकामा सर्वोच्च अदालतमा अरुणिमाको मुद्दाको सुनुवाई हुने खबर छापिएको छ। हप्ता दिनअगाडि अधिवक्ता अरुणिमालाई पाँच जनाले पशुभन्दा पनि तल्लो तहमा पुगी वीभत्स रुपले क्षतविक्षत पारी बलात्कारको सिकार बनाएका थिए। बलात्कारीहरू समाजका गन्यमान्य व्यक्तित्वका छोराहरू थिए।

सर्वोच्च अदालतमा पत्रकारलगायत थुप्रै मान्छेहरू जम्मा भएका थिए। अदालतमा अभियुक्त मानिएका केटाहरू, बलात्कृत अधिवक्ता अरुणिमा प्रस्तुत भए। सुरुमा पीडित पक्षबाट स्वयं अधिवक्ता अरुणिमाले नै वकालत सुरु गरिन्।

हातले औंल्याउँदै उनले भनिन्- 'श्रीमान्। यी कुकर्मीहरू विरुद्ध मैले एउटा नाबालक केटीको बलात्कारको मुद्दा लडेकी थिएँ। उनीहरूले यो मुद्दा फिर्ता गराउन मसँग सहयोग मागेका थिए। यसबापत मलाई मोटो रकम दिन्छु भनेका थिए। तर मैले मानिनँ। त्यसपछि यिनीहरूले रुपैयाँको बलले साक्षीहरूलाई चुप लगाए। पैसा दिएर बलात्कृत केटीका आमाबाबुको समेत मुखमा बुजो लगाइदिए। गरिबीका कारणले आमाबाबुले आफ्नी छोरीको अस्मितालाई पैसामा बेची फैसला हुनुअघि नै मुद्दा फिर्ता लिएका थिए। उनीहरू मसँग यसको बदला लिन चाहन्थे। यही कारणले गर्दा म उनीहरूका क्रुरताको लक्ष्यबिन्दु भएँ।

उनीहरूले मलाई फोनबाट अश्लील शब्दले गाली गर्थे, धम्की दिन्थे। सधैं उनीहरूको कालो पजेरोले मलाई जहाँ गयो त्यतै पछ्याइरहन्थ्यो। बीच बाटामा पनि उनीहरू अपशब्द प्रयोग गरी मेरो बेइज्जत गर्थे। मलाई उनीहरूको धम्की र गालीले कुनै असर पारेन। मैले सधैं सत्यको पक्षमा बाँच्ने प्रतीज्ञा गरेकी थिएँ।

प्राय:जसो म अफिस जाँदा र फर्कंदा उनीहरूले मलाई पछ्याइरहेका हुन्थे। सायद केही गर्ने मौका खोजिरहेका थिए। यस्तै क्रमले एक वर्ष बित्यो। आकाशमा बादल लागेको एउटा दिन सिमसिम पानी परेर साँझ नपरी नै अँध्यारो हुन लागेको थियो। त्यो दिन अफिसमा पियन पनि आएको थिएन। अफिस समय सकिएपछि आफैंले ढोकामा ताला लगाएर बाहिर निस्कन लाग्दा मैले ढोका अगाडि कालो पजेरो देखेँ। त्यहाँ चार पाँच जना केटाहरू लुकी बसेका रहेछन्। उनीहरूलाई देखेर म आत्तिएँ। यत्तिकैमा तिनीहरूमध्ये एउटाले छिटोछिटो मेरो नजिक आई मेरो मुख र नाकमा एक किसिमको गन्ध भएको रुमाल राखिदियो। त्यत्ति मलाई थाहा छ। त्यसपछि म बेहोस भएँछु।

जब म होसमा आएँ, निर्वस्त्र अवस्थामा थिएँ। मेरा हातखुट्टा बाँधिएका थिए र मुखमा पट्टी लगाइएको थियो। वरिपरि कीराहरू कराएको आवाज मात्र सुनिन्थ्यो। त्यस्तो सुनसान ठाउँमा म थिएँ।

'हामी तिम्रो होस आउने समय पर्खिरहेका थियौं' यसो भन्दै तिनीहरूमध्ये एउटाले मेरो शरीरमा हात हाल्यो। त्यसपछि गाडीभित्रका सबैले पालैपालो मेरो शरीरभरि हिंस्रक जनावरले झैं टोकी, कोपरी, चिमोटी सास्ती दिँदै बलात्कार गरे। जति जति म असह्य पीडाले छटपटाउँथे उतिउति उनीहरू क्रुर हाँसो हाँस्थें।

नामुद घमण्डी अधिवक्ता अरुणिमा। हामीलाई गाली गरेको, बेइज्जत गरेको फल यसरी नै भोग, यस्तै सास्ती खाएपछि मात्र तेरो मुख बन्द हुन्छ, अनि कसैले हामीलाई दोष लगाउने आँटै गर्दैन' मेरो शरीरलाई सास्ती दिन उनीहरू शब्दहरू पनि खर्च गर्दै थिए। उनीहरूले प्रयोग गरेका कति अश्लील शब्द त भन्न पनि सकिँदैन।

जब उनीहरू थाके, मेरो मुखमा जबर्जस्ती रक्सी खन्याइदिए। रक्सी कहिल्यै नखाएकी मान्छे म अचेत भएँछु। सायद म मरिसकेँ भनेर नै उनीहरूले छाडेका होलान्।

जब मलाई होस आयो, आफूलाई कुनै जंगलको छेउमा पाएँ। सायद बेहोसीमै मैले उल्टी गरेँछु। उल्टीबाट रक्सीको दुर्गन्ध आइरहेको थियो र केही मानिसले मलाई घेरिरहेका थिए। मेरो शरीरका वस्त्रहरू अस्तव्यस्त अवस्थामा यताउति छरिएका थिए। मेरो नग्न शरीरलाई कसैले ओढ्नेले ढाकिदिएछ। पछि पुलिसको भ्यानमा म हस्पिटल पुऱ्याइएँ। म राम्ररी बोल्न सक्ने अवस्थामा थिइनँ। मेरो नाम र ठेगानासम्म पनि मैले भन्न सकिनँ।

मभित्र अब यो समाजप्रति साँच्चै नै विद्रोहको पहाड उठ्यो। मैले मेरी साथी अधिवक्ता सरिताको नाम र फोन नम्बर सकी नसकी लेखेर एउटी सिस्टरलाई दिएँ। उनले सरितालाई फोन गरेर बोलाइदिइन्।

जब सरिता मेरो बेडनजिकै आइन् उनको मुखमुद्रा भयानक देखियो। एकैचोटि यत्रो बिघ्न अत्याहट पहिलोपटक मैले सरिताका आँखामा देखेँ। रगत बगिरहेका मेरा ओठ,



जताततै टोकिएको, नीलडामले सुनिएको डरलाग्दो अनुहार देखेर त्रसित भएकी हुनुपर्छ उनी। पहिले त मलाई उनले चिनिनन्। राम्ररी नियालेर हेरेपछि मात्र चिनिन् अनि आँखाबाट करुणा र स्नेहले भरिएका आँसु बरर्र झारिरहिन्। कति बेरसम्म त स्तब्ध भई बोल्न नै सकिनन्।

निकै बेरपछि उनले एकै सासमा भनिन्- तिमीलाई कसले यस्तो घृणित र क्रुर व्यवहार गरी यस्तो पीडादायी अवस्थामा पुऱ्यायो ? हिजोदेखि तिमी बेपत्ता भएकीले के भयो होला भनेर हामी सबै चिन्तामा थियौं तर मैले कल्पनासम्म गर्न सकेकी थिइनँ, तिमी यस्तो अवस्थामा फेला पर्छ्यौं भनेर।

एकछिनपछि उनले भनिन्- म तिम्रो परिवार र साथीहरूलाई खबर गर्छु।'

मैले इसारामा नजाऊ भनेँ। मैले मेरो परिचय कसैलाई पनि नदेऊ पनि भनेँ। उनले मेरो इसारा बुझिन्।

केही दिनपछि म राम्ररी बोल्न सक्ने भएँ। ममा सुधार आयो। पुलिसहरू पनि मेरो बयान लिन तयार भए। मैले केही पत्रकार र मेरा साथीहरूको अगाडि मात्र बयान दिन्छु भनेर अनुरोध गरेँ। पुलिसहरूले पनि मेरो अनुरोधलाई स्वीकार गरे।

मेरो अनुरोधअनुसार मेरा साथीहरू र पत्रकारहरूलाई खबर गरेर बोलाइयो। मैले देखेका र भोगेक कुराहरू स्पष्टसँग सबैका अगाडि बयान दिएँ। मैले भनेँ, मलाई यो दुर्दशामा पुऱ्याउनमा गन्यमान्य व्यक्तित्वका साथै अन्य क्षेत्रका ठूलाबडा व्यक्तित्वका छोराहरूको हात छ। धर्मविक्रम, गजाधर, कर्णप्रसादका छोरा र तिनका साथीहरूले ममाथि यति घिनलाग्दो कृत्य गरेका हुन्।

अरुणिमाका साथी र पत्रकारहरूको सहयोगले ती केटाहरूलाई समातेर अदालत अगाडि उभ्याइएको थियो। अरुणिमा औंला ठड्याएर भन्दै थिइन्- यिनीहरू नै हुन् सभ्य र ठूलाबडा भनाउँदा अत्याचारी कुकर्मीहरू। समाजका कीरा हुन् यी। यस्ता पाखण्डी, दुराचारी...।

अरुणिमा आक्रोश र आवेगमा मुखमा जे आयो त्यही शब्द प्रहार गरेर रिसका ज्वाला पोख्न थालिन्। न्यायाधीशले आवेश शान्त पार्ने आदेश दिएपछि मात्र उनी चुप लागिन्।

अब आयो पालो अभियुक्तहरूका वकिलले बोल्ने। उनीहरूका वकिलले भने, श्रीमान् यी महिला प्रतिशोधको भावनाले बौलाएकी छिन्। यिनले एक वर्षअगाडि बालिकाको बलात्कारको झूटा दोष लगाई यिनीहरूलाई फसाउन खोजेकी थिइन् तर असफल भइन्। त्यही समयदेखि के कसरी सकिन्छ फेरि यी केटाहरूलाई फसाउने र सजाय दिलउने सुरमा थिइन्। वास्तवमा समाजका यी प्रतिष्ठित व्यक्तित्वहरूसँग यिनको पूर्वाग्रह थियो। त्यसैले कसरी फेरि यिनीहरूलाई अपमानित गर्ने भनी योजना बनाउन थालिन्।

यिनले आफैंले केही गुण्डाहरूलाई प्रयोग गरी बलात्कारको अभिनय गर्न लगाएकी हुन्। गुण्डाहरूले आफूले गर्नुपर्ने भन्दा बढी नै गरिदिएछन्। त्यो यिनको आफ्नै कुयोजनाको फल हो। यदि यी भलाद्मीहरूले नै बलात्कार गरेका भए उनको शरीरमा देखिएको दाँत, नङका डोबहरू र लुगामा लागेको बीर्यको दागको जाँच किन मिलेन त ?

यी वाक्यहरू सुनी अरुणिमाले अदालत नै थर्किने गरी चिच्याएर भनिन्- झूटो झूटो विल्कुल झूटो। यो जाँच पनि षड्यन्त्रपूर्ण छ कि त डाक्टरहरूलाई पैसाको बुजो लगाइएको छ कि त बन्दुकको नोक कञ्चटमा राखिएको हुनुपर्छ। मैले गुण्डाहरूलाई बलात्कारको अभिनय गर्न लगाएको भन्ने कुरा कति झूटो हो भन्ने कुरा म तपाईंहरूलाई देखाउँदै छु। सबैले ध्यानपूर्वक उनलाई हेरे। उनी आफ्नो चोलो खोल्न थालिन्।

उनले नारी अस्मिताको चीरहरणको एउटा चित्र सार्वजनिक गरिदिइन्। चोलो खोलेको दृश्य देखेर उपस्थित सबै पुरुषहरूले जिज्ञासु र लोभी आँखाले अरुणिमाको छाती हेर्न थाले, नारीहरूले लाज सरमले रातो भई आँखा झुकाए। उनले चोलो खोलेपछि एक्कासि हल्ला रोकियो।

हलमा उनको शरीर हेर्न उत्सुक पुरुषहरूका पनि आँखा झुके, सरमपूर्वक झुकेका पुरुषनेत्रहरू त्यो कारुणिक र बर्बरतापूर्ण अत्याचारी क्रियाकलापको सबुत देखेर आफैंमा मर्माहत देखिन्थे। उनीहरूलाई आफ्नै पुरुषत्वले ममतामयी नारी अस्तित्वमाथि यति बर्बरतापूर्वक निर्मम अपराध गर्नसक्छ भन्ने कल्पनासम्म पनि थिएन। हल यतिखेर पूरै सुनसान र चकमन्न थियो। यस्तो लाग्थ्यो, अब यहाँको वातावरणले अर्को मोड लिन्छ।

अरुणिमाको क्षतविक्षत शरीर देखेपछि सबैका आँखामा आँसु छचल्किरहेको थियो। अविवाहित नारीको सुन्दरताको प्रतीक, आमाको अमृतमय दशधारा बग्ने घडा र सृजनालाई निरन्तरता दिने कलशका ठाउँमा कुनै क्रोधी चित्रकारले फ्याँकेका रङका छिटाजस्तै काला, नीला, राता टोकेका र चिथोरेका वीभत्स डामहरू थिए। सुन्दर होइन एउटा वीभत्स चित्र भएको दृश्यले सबैका आँखामा क्षोभ र पीडाका आगोका लप्काहरू ह्वारह्वारती बले।

त्यहाँ अत्याचारको मौन इतिहासले चियाइरहेको थियो। सहेरै बाँचेको सामन्ती संस्कार थियो मान्छेको। देखिएका डामका दृश्यहरूका अगाडि पूरै कानुनका दफाहरू अपूर्ण लाग्थे तर त्यो विवेक हुनेहरूका लागि मात्र थियो, संवेदना हुनेहरूका लागि मात्र थियो। छाइरहेको स्तब्धतालाई चिर्दै नारी अस्मिताको गुहारका लागि अरुणिमा आक्रोशित भावमुद्रामा अन्तर्मनदेखि नै चिच्याइरहेकी थिइन्- श्रीमान्। यदि यी प्रमाणले पनि नपुगे मनुष्यसृष्टिको उर्वर उद्गमस्थलमा लागेको क्रुरताको डढेलोले भष्मीभूत पारेको योभन्दा वीभत्स चित्र सबैको अगाडि प्रस्तुत गर्ने साहस पनि म गर्छु। बलात्कारीको वीर्य, दाँत र नङ समेतको जाँच गराएको रिपोर्ट पुन: निष्पक्षताका साथ जाँच गराई अपराधीलाई उचित दण्ड दिइएन भने न्यायको कठघरालाई यो इतिहासले कहिल्यै माफी दिने छैन।

यी वाक्य सुनी अभियुक्तहरूका आँखामा पनि ग्लानी भरिएको देखियो। अब फसियो भन्ने भयले उनीहरू खुम्चिएका देखिन्थे। वकिलका न्यायदर्शी नजरहरूले पनि सत्यको अन्वेषण गर्न खोजेझैं देखिन्थ्यो। यसै गरी न्यायाधीशका अनुहारमा आएको परिवर्तनले एउटा निष्पक्ष निर्णयलाई संकेत गर्दै थियो।

# मेरा आँखामा

■ इन्दुल के.सी.

**प्रारम्भ**


साहित्यका पुस्तकहरु पढ्नु मेरो रूचि हो । मैले विभिन्न पुस्तकहरु पढ्ने क्रममा श्री जीवनाथ अधिकारीज्यूले लेख्नुभएका विभिन्न विधाका निम्न लिखित ४ ओटा पुस्तकहरु उहाँले मलाई उपहार दिनुभएको थियो । उक्त पुस्तकहरु हुन् :

(१) जुनभित्रको आगो (छन्द कविता सङ्ग्रह २०५९), (२) प्राचीन विश्वको इतिहासको सङ्क्षिप्त चर्चा (२०६१) (३) अविदित यात्रा (छन्द कविता सङ्ग्रह २०७७० (४) मास्कले थिचिएको जिन्दगी (छन्द कविता सङ्ग्रह २०७७) । उक्त पुस्तकमा रचनाकारको भाव, विचार, अभिव्यक्तिलाई बुझ्ने प्रयास गरेँ । छन्दहरुमा (१) पञ्चचामर (२) शार्दूल विक्रीदित (३) मालिनी (४) शिखरिणी (५) सुग्धारा (६) अनुष्टुप (७) मन्दाकान्ता (८) उपजाति (९) भुजङ्ग प्रयात आदि छन्दहरुमा रचिएका कविताहरु हुन् ।

हुन त मैले आफ्नो विद्यार्थी जीवनमा अध्ययन गर्दा नेपाली भाषाको छन्दको बारेमा पनि केही पढेको थिएँ । तर खासै भन्नुपर्दा मलाई विस्तृत जानकारी छैन । उहाँका कविताका शीर्षकहरुको चयन, शीर्षकहरुसँग मिल्दो विभिन्न विषयका विभिन्न भावहरुमा लेखिएका कविताहरु मलाई ज्यादै राम्रो लाग्यो । तर मेरो यो रचना केवल "प्राचीन विश्व इतिहासको सङ्क्षिप्त चर्चा"मा मात्र केन्द्रित भएको छु ।

जीवनाथ अधिकारीज्यूले लेख्नुभएको "प्राचीन विश्व इतिहासको सङ्क्षिप्त चर्चा" पुस्तिकामाथि मेरो दृष्टि पर्यो । यो लेख उक्त पुस्तिकामाथि सङ्क्षिप्त चर्चा मात्र हो । समयलाई विभाजन गर्ने हिसाबले भुतकाल, वर्तमानकाल र भविष्यकाल भनी वर्गीकरण गरिन्छ । अझ यसलाई पनि वर्गीकरण गर्दा हिजोका दिनहरुलाई हालै वितेको समय, धेरै पहिले वितेको समयलाई प्राचीन समय भनी छुट्याइन्छ । अतीतकालको समयमा यो विश्वमा घटीत अनेकौं घटनाहरु वर्णन विश्लेषण गरी अधिकारीज्यूले यो पुस्तिका तयार गरेको देखिन्छ ।






आफ्नो माता नर्वदा अधिकारी तथा पीता नन्दलाल अधिकारीज्यूहरुमा समर्पण गरी प्रकाशित केवल ३२ पृष्ठको यो पुस्तिका २०६१ सालमा नै प्रकाशन भएको रहेछ । इतिहासकार जीवनाथजी अन्नपूर्ण, दिप्ला, भोजपुर जिल्लामा २०१८ सालमा जन्मनु भएको हो । उहाँ शिक्षण पेशामा संलग्न हुनुहुन्छ । उहाँकै शब्दमा "इतिहास आफैमा वर्तमानको ऐना हो ।" विश्व इतिहासको यो प्राचीन गाथा विशेषगरी किशोर तथा युवावर्गलाई विश्व इतिहासको प्राचीन गाथा सरल ढङ्गले सम्प्रेशन होस् भन्ने उहाँको ध्यय रहेछ ।

**सन्दर्भ**

यो पुस्तिका आकारमा सानो भएतापनि यसलाई तयार गर्न निकै मिहनत गरी सम्बन्धित विभिन्न पुस्तकहरु अध्ययन पश्चात यसलाई तयार गर्नुभएको देखिन्छ । यस पुस्तिकामा सन्दर्भ सामग्रीको रूपमा निम्न ५ वटा पुस्तकहरूलाई आधार मान्नुभएको रहेछ ।

क) फ्रेडरिक एन्गेन्स, 'परिवार निजी स्वामित्व र राज्यको उत्पति' (नेपाली अनुवादक : राजेन्द्र मास्के, मास्को, प्रगति प्रकाशन -१९८६

ख) फ्योदोर कोरोब्किन, 'प्राचीन विश्व इतिहासका परिचय' (हिन्दी अनुवादक : बुद्धिप्रसाद भट्ट), मास्को, प्रगति प्रकाशन - १९८६

ग) विष्णु प्रभान - 'मार्क्सवाद र त्यसको विकास प्रकृया', काठमाडौं, पैरवी प्रकाशन - २०४७ (१९९०)

घ) मोदनाथ प्रश्रित, 'जीवाणुदेखि मानवसम्म', लिसन प्रकाशन - २०४३

ङ) मोदनाथ प्रश्रित, 'नारी : बन्धन र मुक्ति', सिलगुडी, सूर्योदय प्रकाशन - सन् १९८६

**उत्पत्ति**

लेखकले उल्लिखित महत्त्वपूर्ण पुस्तकहरुको सार यस पुस्तिकामा चर्चा गरिए अनुसार अर्बौ वर्ष पहिले सूर्य केन्द्रको रूपमा रहेको र त्यसैबाट टुक्रिएर यो पृथ्वीको उत्पत्ति भएको हो । यसरी नै मानिसको उत्पत्ति कहिले भएको र वनस्पति तथा उत्पत्ति कसरी भयो ? सुरूका मानिस जसलाई आदिमानव पनि भनिन्छ, तिनीहरुको रहनसहन-कन्दरा, गुफामा बस्ने, नरमाससमेत भोजन गर्ने, कन्दमूलको आहारा, शिकारी जीवन, पछि खेतीपाती, पशुपालनसमेत गर्न थालियो ।

यसरी खेतीपाती पशुपालनको लागि आवश्यक साधन कुन रूपको थियो ? सोको चर्चाको साथै तिनीहरुले जङ्गली युगको चरणपछि आफूलाई चाहिने भाँडाकुडा निर्माण, ढुङ्गे हतियारको निर्माण कसरी गरियो ? भन्ने विषयको चर्चा अति रोचक ढङ्गले गर्नुभएको छ ।

वंश, गोत्रको सामूहिक क्रियाकलापको समाप्ति पश्चात आदिम साम्यवादी युगको अन्त्यपछि क्रमशः विभिन्न युगहरु - दास युग प्रारम्भ हुन पुग्यो ।

प्राचीन मिश्र, मेशोपोटामिया, प्राचीन भारतीय उपमहाद्वीप, प्राचीन चीनमा, प्राचीन युनानमा, रोममा चलेको दास प्रथाको चर्चा यस पुस्तिकामा पाइन्छ । दासहरुले गरेको विद्रोहको परिणाम वर्ग सङ्घर्ष भएको बारे पनि यहाँ चर्चा पाइन्छ ।

प्राज्ञ मानव (होमोसेपिन्स)हरुले करिब ३० हजार वर्ष अघि नै चित्रकलाको शुरूवात गरेको र तिनीहरुमा धार्मिक विश्वासको जन्म के-कसरी भयो ? बारे पनि चर्चा भएको पाइन्छ । झण्डै १८ हजार वर्षपहिले पृथ्वीमा प्राकृतिक वातावरण परिवर्तन भई गर्मी बढेको, उत्तरी क्षेत्रको हिउँ हराउँदै गएको, पशुपालनको मानिसहरुले कसरी शुरूवात भयो ?, फिरन्ते जीवनबाट एकै ठाउँमा बसोबास गर्ने र समूहका कबिलाका मुखिया सेनापतिले भूमि वितरण कसरी गऱ्यो ?, समाजमा धनी र गरिब, शासक र शासित, मालिक र दासको वर्ग विभाजनको साथै दास युगको आरम्भ कहाँ-कहाँ, कुन रूपमा भयो ? ती स्थानहरुको नाम माथि उल्लेख भइसकेको छ ।

**लेखन कला**

मानिसहरुले आफ्नो आवश्यकता परिपूर्ति गर्ने क्रममा अक्षर, अङ्कहरुको आविष्कार गरेको र मिश्रमा, मेसोपाटामियामा, भारतमा र चीनमा लेखनकला कहिले र कसरी भयो ? भन्ने कुराको पनि यस पुस्तिकामा उल्लेख भएको पाइन्छ ।

अन्तमा

यो पुस्तिका आकारमा सानो भएतापनि एउटा हिन्दी उखान 'गागरमे सागर' भनेजस्तै धेरै कुराहरुको महत्त्वपूर्ण तथ्य, तथ्याङ्कसहितको यो पुस्तिका केवल विद्यार्थीहरुको लागि मात्र होइन, सबैलाई अत्ति नै उपयोगी ऐतिहासिक कुराहरुको वर्णन गरिएको छ । यस पुस्तिका लेखक इतिहासकार जीवननाथ अधिकारीज्यू धन्यवादका पात्र हुनुहुन्छ ।

# नयाँ ब्रोकर लाइसेन्स रोक्न किर्ते निर्णय

काठमाडौं। अर्थ समितिले आफ्नो बहुमत सदस्यलाई थाहै नदिई नयाँ ब्रोकर लाइसेन्स रोक्ने निर्णय गरेको पत्ता लागेको छ। अर्थसमितिमा सुरुमा सबैलाई हाजिरी गराएर दुई तिहाईभन्दा बढी संसदहरू हिडिसकेपछि समितिका सभापति (जेष्ठताको आधारमा) सांसद सन्तोष चालिसे, सांसद पदम गिरीलगायत केही सांसद र अर्थ समितिका कर्मचारीलगायतको मिलेमत्तोमा केही स्वार्थी समुहको प्रलोभनमा परी नयाँ ब्रोकर लाईसेन्स रोक्न निर्देशन दिएको सम्बद्ध सरोकारवालाहरू बताउँछन्।

'सोमबार सामसामयिक विषयमा छलफल गर्ने भन्दै बैंठक बोलाईयो र निर्धारित समयभन्दा २ घण्टा ढिलो गरी बैंठक सुरु भयो, बैठक सुरु भएपछि हामीलाई हाजिर गराएर अध्ययनका लागि भन्दै एउटा पत्र बाडियो तर त्यस विषयमा कुनै छलफल भएन,' अर्थ समितिका एक सांसदले भने, 'तर पछि संचार माध्ययम र सामाजिक संजालबाट अर्थ समितिले ब्रोकर लाईसेन्स रोक्न निर्देशन दियो भन्ने थाहा पाईयो।' साथै सोमबार कुनै पनि छलफल नगराई धेरै सांसद हिडिसकेपछि स्वार्थ केन्द्रित रुपमा ब्रोकर लाईसेन्स रोक्ने निर्णय गरिएको समेत ती सांसदले जानकारी दिए।

सर्वोच्चको फैसला अनुरुप धितोपत्र बोर्डले नयाँ ब्रोकर लाइसेन्स वितरण गरिसकेको अवस्थामा अर्थसमितिले समिति स्वार्थी समुहको प्रलोभनमा परी तत्काललाई उक्त कामनै रोक्नु भनी निर्देशन दिनुले पुँजी बजारको विकासमा ठूलो धक्का लागेको सम्बद्ध लगानीकर्ताहरू बताउँछन्। साथै सामाजिक संजालमार्फत लगानीकर्ताहरूले अर्थसमितिका सिमिति केही सांसदहरूले पैसा लिएर पुराना ब्रोकरको स्वार्थमा सिन्डिकेट लगाउने काम गरेको भन्दै विरोध गरेका छन्। यसअघि पनि अर्थ समितिलाई सीमित स्वार्थ समुहको प्रलोभनमा परी तत्काल नयाँ ब्रोकर लाईसेन्स वितरण गर्न नहुने निष्कर्ष निकालेको आरोप लागेको थियो। सोमबार भएको अर्थसमितिले हिजो भएको उक्त निर्देशनले त्यसलाई थप प्रमाणित गरिदिएको सम्बद्ध सरोकारवालाहरू बताउँछन्।

यसैगरी जेष्ठताका आधारमा अर्थ समितिका सभापतित्व गर्दै आएका नेपाली कांग्रेसका सांसद सन्तोष चालिने भने बोर्डले नियमसंगत गरिकाबाट लाईसेन्स दिएको छ कि छैन भनेर अध्ययन गर्नका लागि तत्कालका लागि कार्यान्यनमा नगर्न निर्देशन दिएको बताउँछन्। 'हामीले सर्वोच्च अदातलको बर्खिलाफमा गएर नयाँ ब्रोकर लाईसेन्स रोक्नेगरी निर्देशन दिएका होइनौं,' बिजखबरसँगको कुराकानीमा उनले भने, 'अहिले यस विषयमा धेरै कुराहरू आएको छ, म अहिले पनि अर्थ समितिमै सचिवसँग छलफलमा छु केही दिनमै अर्को बैंठक बसेर टुङ्गो लगाउने छौं।' साथै अर्थ समितिमा उपस्थित भएर हाजिरी गरिसकेपछि उक्त सांसदहरूले उक्त निर्णयमा हाम्रो संलग्नता छैन भनेर उम्किन नमिल्ने चालिनेको तर्क छ।

यस्तै अर्थसमितिले पुराना ब्रोकरसँगको साठगाँठका आधारमा नयाँ ब्रोकर लाईसेन्स रोक्न निर्देशन दिएको र निर्देशन दिनुपूर्व उक्त ड्राफ्टनै ब्रोकरसँग सल्लाह गरेर तयार गरिएको आरोप लागेको छ। तर यस विषयमा कुरा गर्दा अर्थ समितिका सचिव रेखा उपाध्याय भने आफुलाई सभापतिज्यूले जे निर्णय लेख्नु भन्नु भयो सोही कुरा लेखेर हस्ताक्षर गरेको बताइन्। 'मैले सभापतिज्यूले भनेझै निर्णय लेखेर उहाँलाई नै देखाएका हस्ताक्षर गरेको हुँ,' उनले भनिन्, 'तर नयाँ ब्रोकर लाइसेन्स रोक्ने निर्णय कसरी भयो भन्ने विषयमा सभापतिज्यूलाई नै सोध्नुहोला।'

तर अर्थ समितिका अधिकांश सांसदहरूले भने ब्रोकर लाईसेन्स वितरण प्रक्रिया रोक्ने सम्बन्धमा आफुहरूलाई कुनै जानकारी भएको बताउँदै आएका छन्। 'बैंठक सुरु भएपछि धितोपत्र बोर्डले पठाएको पत्र अध्ययनका लागि भन्दै बाडियो तर समिति भित्र कुनै छलफल भएन,' ती सांसदले भने, 'हामी पत्र बोकेर हिड्यौं तर पछि ब्रोकर लाईसेन्स वितरण प्रक्रिया नै रोक्ने भन्दै निर्देशन दिइएछ।' समिति व्यक्तिले त्यसरी निर्देशन दिँदा अहिले सामाचार माध्ययमदेखि सामाजिक संजालहरूमा समेत आफ्नो बदनाम भैरहेको उनको गुनासो छ।

यसैगरी अहिले अर्थ समितिले निहित स्वार्थमा सर्वोच्च अदालतको बर्खिलापमा निर्णय गरेको नयाँ ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले बताए। 'संविधानको धारा १२८ बमोजिम सम्मानित सर्वोच्च अदालतको निर्णय कार्यान्वयन गर्ने दायित्व जनप्रतिनिधि लगायत सबै निकायको रहन्छ,' उनले भने, 'पुँजी बजारमा भएको यति ठूलो प्रगतिलाई रोक्न सिमित व्यक्तिको स्वार्थमा गरिएको अर्थ समितिको यस्तो पूर्वाग्रही निर्देशनलाई तत्काल खारेज गरिनुपर्छ।'

# भारतका कारण कोमामा सार्क



विष्णु भट्टराई




सार्कको १९ औं शिखर सम्मेलन अहिलेसम्म हुन सकेको छैन। यो सम्मेलन पाकिस्तानको राजधानी इस्लामावादमा गर्ने तय गरिएको थियो। तर भारतले अचानक सार्क शिखर सम्मेलनमा सहभागी नहुने बताएपछि सार्क सम्मेलन स्थगित भएको घोषणा नगरिए पनि हालसम्म स्थगित नै भएको छ। त्यसमाथि पनि बंगलादेश, भुटान, श्रीलंका र अफगानिस्तानले समेत सहभागिता नजनाउने बताएपछि सार्कको १९ औं शिखर सम्मेलन निर्धारित मितिमा हुन सकेन। नेपालले सार्कको शिखर सम्मेलन गर्ने वातावरण बनाउन आग्रह गरे पनि पाकिस्तानमा नै गर्नुपर्छ वा अन्यत्र सारेर गर्ने भन्ने बारेमा आफ्नो धारणा बाहिर ल्याएको छैन। त्यसमाथि पनि सार्क शिखर सम्मेलनको स्थान परिवर्तनको प्रस्ताव आयोजक राष्ट्रले नै लानुपर्ने भएका कारण पनि सार्क सम्मेलनको अनिश्चितता थपिएको हो। पाकिस्तानले आफूले सार्क शिखर सम्मेलन गर्न नसक्ने कारणसहित स्थान परिवर्तनको प्रस्ताव लैजानुपर्छ। पाकिस्तान अहिले नै त्यसो गर्ने मनस्थितिमा देखिँदैन। सोही कारण पनि भारत र पाकिस्तानको टकरावको छायामा सार्क परेको छ। भारतीय केही सञ्चारमाध्यमले भने पाकिस्तानमा नभई अन्यत्र भएमा भने सार्क शिखर सम्मेलनमा सहभागिता जनाउन सक्ने संकेत गरेका छन्। भारतसँगै सार्कका पाँच सदस्य राष्ट्रले सहभागी हुन नसक्ने बताएपछि संकटमा परेको सार्क शिखर सम्मेलन अन्यत्र सारेर पाकिस्तानमाथि कूटनीतिक रूपमा पनि थप दबाब सिर्जना गर्ने योजनामा भारत रहे पनि स्थान परिवर्तनको प्रस्ताव लैजाँदा कूटनीतिक रुपमा थप दबाबमा पर्ने भएकाले पाकिस्तान तत्कालै त्यसको पक्षमा छैन। यदि, पाकिस्तानले त्यसो गरेमा अंग्रेजी 'अल्फाबेट' का आधारमा हुने सार्क शिखर सम्मेलन श्रीलंकामा हुनुपर्नेछ।

सन् १९८० मा दक्षिण एसियामा विकसित क्षेत्रीय एकताको भावनालाई समेट्नका लागि बंगलादेशका राष्ट्रपति जियाउर रहमानले सार्क स्थापनाको विशेष पहल गरेका थिए। त्यसअघि नै नेपालका राजा वीरेन्द्रले सन् १९७७ मा कोलोम्बो योजना परामर्शदातृ सम्मेलनमा नेपाल हितका लागि प्रयोग गर्न आह्वान गरेका थिए। यसरी विकसित भएको सार्क अवधारणालाई बंगलादेशमा ७ र ८ डिसेम्बर १९८५ मा ढाकामा प्रथम शिखर सम्मेलनको आयोजना गरी औपचारिकता दिइएको थियो। त्यसबेला नेपाल, पाकिस्तान, बंगलादेश, भारत, भुटान, माल्दिभ्स र श्रीलंकाले सार्क बडापत्रमा सहमति जनाएका थिए भने सन् २००७ अप्रिलमा भारतमा सम्पन्न १४औं शिखर सम्मेलनले अफगानिस्तानलाई सदस्यता प्रदान गरेको हो। सन् २००४ मा पाकिस्तानमा भएको सार्क शिखर सम्मेलनमा भारतका प्रधानमन्त्री अटलबिहारी वाजपेयीले सार्क शिखर सम्मेलनमा सहभागिता जनाउँदै पाकिस्तानी तत्कालीन राष्ट्रपति परवेज मुसर्रफसँग छलफल गरेका थिए। यसपटक भारतले पाकिस्तानमा हुने सार्क शिखर सम्मेलनमा सहभागिता जनाएमा उनी त्यसपछि सार्क शिखर सम्मेलनका लागि पाकिस्तान जाने पहिलो प्रधानमन्त्री बन्नेछन्। तर, तत्कालै सार्क शिखर सम्मेलन हुने अवस्था देखिएको छैन।

नेपाल सार्कको अध्यक्ष राष्ट्र मात्रै नभएर संस्थापक र परिकल्पनाकार मुलुकमध्ये एक हो। सार्कको प्रधान कार्यालय नेपालमा नै रहेको छ भने सार्कका हरेक गतिविधिमा नेपालको धेरथोर हिस्सेदारी अवश्य छ। सार्कको अध्यक्ष राष्ट्र भएको नाताले नेपाल र सार्क शिखर सम्मेलन आयोजक राष्ट्रका हिसाबले पाकिस्तानको भूमिका यसको प्रभावकारिता, सुदृढीकरण, अवरोध भएका गतिविधिलाई नियमित गर्ने मुख्य दायित्व पनि यसबेला छ। भारत र पाकिस्तानबीच काश्मीरका विषयमा यसअघि दुईपटक युद्ध भए पनि नेपालले त्यसमा आफ्नो असंलग्न परराष्ट्रनीतिलाई नै अवलम्बन गऱ्यो।

यस्तै, सन् १९६२ मा भएको भारत-चीन युद्धमा पनि नेपालको भूमिका असंलग्न नै रह्यो। यसर्थ, यसपटक पनि नेपालले आफ्नो असंलग्न परराष्ट्र युद्धमा पनि नेपालको भूमिका असंलग्न नै रह्यो। यसर्थ, यसपटक पनि नेपालले आफ्नो असंलग्न परराष्ट्रनीतिलाई नै अवलम्बन गर्नुपर्ने बताउँछन्, परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठ। 'भारत र पाकिस्तानबीच अहिले काश्मीरका विषयलाई लिएर जुन प्रकारको तिक्तता उत्पन्न भएको छ, त्यसलाई दुवैले आत्मसंयम भएर वार्ता र छलफलका माध्यमबाट टुंगो लगाउनुपर्छ', उनले भने, 'अहिले भारतले अंग्रेजकालको उपनिवेशवाद र नेहरूकालको प्रभुत्ववादबाट मुक्त भएर सबैको सार्वभौमिकतालाई सम्मान गर्दै अघि बढ्न सक्नुपर्छ।' यसभित्र अहिलेको भारत र पाकिस्तानबीचको संघर्षको प्रतिबिम्ब लुकेको छ। भारत र पाकिस्तानबीच अहिले जुनप्रकारको तनाव सिर्जना भएको छ, यसको समाधान सैनिक शक्तिबाट हुन्छ कि हुँदैन भनेर गम्भीर आत्मसमीक्षा गर्न जरुरी छ। त्यसमा पनि सार्क राष्ट्रभित्र उत्पन्न यसप्रकारको परिस्थितिको सार्क राष्ट्रभित्र छलफल हुने कि नहुने भन्ने प्रश्न पनि उत्तिकै जटिल छ। भारतले नै सबैभन्दा पहिले काश्मीरको मुद्दालाई राष्ट्रसंघसम्म पुऱ्याएको हो। तर, त्यही राष्ट्रसंघले जनमतसंग्रहबाट काश्मीर समस्याको समाधान गर्नुपर्दछ भनेर गरेको निर्णयलाई न भारतले मानेको छ न त राष्ट्रसंघले नै आफ्नो निर्णय कार्यान्वयन गर्न तदारुकता देखाएको छ। यसले काश्मीर एउटा बल्भिmरहने घाउ बनेको छ र भारत पाकिस्तानलाई मात्रै नभई सिंगो दक्षिण एसियाली क्षेत्रलाई नै प्रभावित बनाउँदै आएको छ। संसारकै सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक भारतलाई काश्मीरमा लोकतन्त्रको अभ्यास गर्न के मुस्किल छ? यसको उत्तर भारतबाट पाइँदैन। यसले भारत र पाकिस्तानको सम्बन्ध यतिसम्म बिगारेको छ कि दुई देश एकअर्कालाई जुनसुकै समयमा पनि प्रहार गर्न तयारी गरिरहेका छन्। भारत र पाकिस्तानको तयारीले जुनसुकै बेला पनि यस क्षेत्रमा युद्ध निम्तिने खतरा उत्पन्न भएको छ। दक्षिण एसियाली क्षेत्रका दुई आणविक शक्ति सम्पन्न मुलुक भारत र पाकिस्तानबीच युद्धको अवस्था सिर्जना भएको त्यसले सिंगो सार्क क्षेत्रलाई नै प्रभावित बनाउनेछ।

सार्कका शीर्ष नेताहरूको सहभागिता रहने सार्क शिखर सम्मेलन रोकिएको यो पहिलो अवसर होइन। यसअघि भारत र पाकिस्तानको द्वन्द्वकै कारण सन् २००२ मा चार वर्ष रोकिएर काठमाडौंमा एघारौं शिखर सम्मेलन भएको थियो। त्यसअघि र पछि पनि भारत र पाकिस्तानबीच पटकपटक भइरहने द्वन्द्व र शीतयुद्धका कारण सार्क प्रभावकारी बन्नै सकेन। स्थापनाको लामो कालखण्ड बितिसक्दा पनि यसले प्रभावकारी भूमिका खेल्न नसक्नुको मुख्य कारण सार्क राष्ट्रबीचको तनाव, योजना कार्यान्वयनमा दृढताको कमी र सार्कलाई गतिशील बनाउने स्पष्ट दृष्टिकोणको अभाव हो।

सार्कको सिद्धान्तमा संगठनको ढाँचाभित्र गरिने सहयोग एकअर्काको सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनीतिक स्वतन्त्रता, एकअर्काको आन्तरिक मामिलामा अहस्तक्षेप तथा आपसी हितमा आधारित हुने, यस्तो सहयोग दुईपक्षीय तथा बहुपक्षीय सहयोगको बदलामा नभई त्यसको पूरकको रूपमा हुने, दुईपक्षीय तथा बहुपक्षीय दायित्वविपरीत र खराब नियतिका लागि नहुने स्पष्ट उल्लेख गरिएको छ। तर, सार्क राष्ट्रका सबै सदस्य राष्ट्रले यसलाई अंगीकार गर्न सकेका छैनन्। यसले सार्कको गतिविधिमा संकुचन र रोकावट खडा गरेको छ। सार्कको बडापत्रमा नै यसका उद्देश्यलाई किटान गरिएको छ। जसअनुसार, यस क्षेत्रको आर्थिक वृद्धि, समाजिक प्रगति तथा सांस्कृतिक विकासमा तीव्रता ल्याउनु र सबै मानिसलाई स्वाभिमानसाथ रहने र उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान गर्नु, दक्षिण एसियालीका देशहरूबीच सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास, एकअर्काका समस्याहरूप्रति समझदारी बढाउनु, आर्थिक, सांस्कृतिक, प्राविधिक, समाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्नु, अन्य विकासोन्मुख देशहरूसँगको सहयोगलाई मजबुत तुल्याउनु, समान लक्ष्य र उद्देश्य भएका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संठनहरूलाई सहयोग पुऱ्याउनु, यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने, दक्षिण एसियाका राष्ट्रहरूबीचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र समृद्धि गर्ने, एकआपसको समस्याप्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने र आर्थिक, समाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने रहेका छन्। तर, व्यावहारिकतामा त्यस्तो देखिँदैन, अहिले भारत र पाकिस्तानबीचको शक्ति संघर्षले सार्कलाई छायामा पारेको छ। यो सार्कको उद्देश्यको ठीकविपरीत हो। यसैगरी, सार्क राष्ट्रबीचको आपसी विश्वासमा समेत कमी देखिन्छ। पाकिस्तान र अफगानिस्तानबीच सीमा विवादका कारण लामो समयसम्म सीमा नै बन्द रहने अवस्था सिर्जना भयो। काश्मिरको विषयलाई लिएर दुई देशबीच सधैं द्वन्द्वको अवस्था सिर्जना भएको छ। भारतले विशेष राज्यको दर्जा प्राप्त जम्मु र कास्मिरलाई केन्द्र शासित प्रदेशमा परिणत गरेपछि भारत र पाकिस्तानबीच दूरी झन् बढेको छ।

भारतले नेपालमाथि पटक पटक लगाएको अमानवीय नाकाबन्दी आदिले सार्कको उद्देश्य एकातिर र व्यवहार अर्कैतिर रहँदै आएको छ। यसमा आवश्यक सामञ्जस्यता कायम नगरेसम्म सार्कको प्रभावकारिता रहनेमा आशंका गर्ने ठाउँ प्रशस्तै छन्। विगत तीन दशक लामो सार्कको इतिहास हेर्ने हो भने पनि महत्वपूर्ण एजेन्डामा समेत मौन रहँदै आएको छ।

सार्कका कुनै पनि राष्ट्रको सहमतिविना कुनै पनि सामूहिक निर्णय हुन सक्दैन। सार्क बडापत्रको धारा १० मा उल्लेख गरिएका सामान्य नियमको व्यवस्था नै सार्कको गतिशीलताका लागि ठूलो बाधकका रुपमा रहेको छ। सार्क बडापत्रको धारा १० मा सार्कका सबै स्तरका निर्णयहरू सर्वसम्मतिका आधारमा लिइने र द्विपक्षीय र विवादास्पद विषयहरू छलफलमा नै नराखिने उल्लेख गरिएको छ। यो नियम नै सार्कको गतिशीलताका लागि मुख्य बाधकका रुपमा खडा भएका छन्। अहिलेको अवस्थालाई हेर्ने हो भने भारत र पाकिस्तानबीच देखिएको द्वन्द्व सामूहिक छलफल, वार्ता र संवादका आधारमा पनि समाधान गर्न सकिन्छ। तर, सार्क बडापत्रका नियमले नै भारत र पाकिस्तानबीचको विवादमाथि छलफल गर्न प्रतिबन्ध लगाएको छ। यस्तै, सार्कमा सामूहिक हितका विषयबाहेक द्विपक्षीय र विवादास्पद विषयमा छलफल नै नहुने भएका कारण भारत र पाकिस्तान, नेपाल र भारत, अफगानिस्तान र पाकिस्तानबीच द्वन्द्वका विषयमा सार्कभित्र कुनै छलफल हुन सक्दैन। यस्तै, सार्कका निर्णयहरू सर्वसम्मतिमा हुने भएका कारण कुनै एक देश वा अधिकांश देशले चाहेर पनि आफूअनुकूलको निर्णय गराउन सक्दैनन्। यसले गर्दा सार्क जुन दक्षिण एसियाली क्षेत्रको आर्थिक वृद्धि, समाजिक प्रगति तथा सांस्कृतिक विकासको साधन बन्नुपर्ने थियो। त्यो बन्न सकेको छैन र यही प्रावधान रहेसम्म बन्ने पनि छैन।

सार्कका उद्देश्यमा भनिएजस्तै सबै मानिसलाई स्वाभिमानसाथ रहने र उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान यस प्रकारको संस्थाले उपलब्ध गराउन सक्छ कि सक्दैन भन्ने प्रश्न पनि खडा भएको छ। सार्क आफैंमा गतिशील संस्था नभएसम्म दक्षिण एसियाली देशहरूबीच सामूहिक आत्मनिर्भरता अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास र समझदारी बढाउन, आर्थिक, सांस्कृतिक, प्राविधिक, समाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्न सक्ने छैन। यसले गर्दा सार्कलाई गतिशीलता प्रदान गर्नका लागि नयाँ ढंगले सोच्नु र सोहीअनुसार नियमहरूलाई परिमार्जित, विकसित र सदृढ बनाउन जरुरी छ।

सार्क सिंगो दक्षिण एसियाली राष्ट्रहरूको मञ्च हो। तर, अहिलेसम्म कुनै बैठकका लागि पनि भारत र पाकिस्तानको मुख ताक्नुपर्ने अवस्था सिर्जना हुँदै आएको छ। सामूहिक भावनाको विकासको जुन अवधाराणाले सार्क स्थापना भएको हो त्यसको ठीक विपरीत भारत र पाकिस्तानले सार्कलाई एकअर्कालाई घुँडा टेकाउने अस्त्रका रुपमा प्रयोग गर्दै आए र यसको दर्शक बनेका छन्, अन्य ६ वटा राष्ट्र। हामीले माथि नै उल्लेख गरिसकेका छौं कि सार्क भारत र पाकिस्तानको द्वन्द्वको छायामा पर्दै आएको छ। नेपालीमा एउटा उखान छ 'दुईवटा हात्तीले माया गरे पनि लडाइँ गरे पनि माडिने आखिर फूलबारी हो।' अहिले भारत र पाकिस्तानबीच जुन प्रकारको संघर्ष चलेको छ। त्यसको प्रत्यक्ष मारमा परेको छ, सार्क। अहिले पनि भारतले सार्क सम्मेलनलाई पाकिस्तानमाथि घुँडा टेकाउने अस्त्रका रुपमा प्रयोग गर्न खोज्यो। किनकि उसलाई आफू सहभागी नभएमा सार्क शिखर सम्मेलन नहुने र स्थान सार्न सकियो भने पनि पाकिस्तानलाई सार्क सम्मेलन गर्ने अवसरबाट वञ्चित गर्न भारत सफल हुनेछ।

भारत र पाकिस्तानबीचको भारत र पाकिस्तानबीचको द्वन्द्वकै कारण विगतमा पनि सार्क शिखर सम्मेलन र बैठकस्थल परिवर्तन भएका छन्। यहाँनेर मुख्य कुरा भनेको भारत र पाकिस्तानबीचको द्वन्द्वको अन्त्य र सार्कको निरन्तरता मुख्य विषय हुन्। अहिले भारतले ब्रिक्सलाई प्राथमिकतामा राख्ने र सार्कलाई पछि धकेल्ने जुन कोसिस गरेको छ, त्यसमा अध्यक्ष राष्ट्र भएका नाताले नेपालको भूमिका महत्वपूर्ण हुन सक्छ। नेपालले सार्क शिखर सम्मेलन गराउन वा स्थान परिवर्नन गर्न आफैंले कुनै निर्णय गर्न नसके पनि कूटनीतिक पहल र अन्य देशसँगको संवादलाई तीव्र बनाउन सक्छ। सार्कलाई प्रभावकारी बनाउनका लागि नेपालले संयमतापूर्वक परिपक्व कूटनीतिक प्रयासबाट समस्या समाधानका लागि पहल गर्न जरुरी छ।

*(एजेन्सीहरूको सहयोगमा)*

# नेपालमा चिनियाँ लगानी निरूत्साहित गर्ने भारतीय रणनीति

नेपालका प्रधानमन्त्री पुष्पकमल दहालको हालैको भारत भ्रमण र दुई पक्षबीच व्यापार र ऊर्जा क्षेत्रमा भएको सम्झौताले नेपालको ऊर्जा क्षेत्रमा भारतको प्रभाव थप बढेको देखिन्छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी १० वर्षभित्रमा नेपालबाट १० हजार मेगावाट विद्युत् आयात गर्ने घोषणा गरेका छन्।

ऊर्जा क्षेत्रमा भारतको महत्वाकांक्षालाई नेपालको अर्थव्यवस्थाको मूल आधारमा नियन्त्रण र नेपालमा ठूलो लगानी गर्ने चीनसँगको प्रतिस्पर्धाका रूपमा लिइएको छ। केही विज्ञका अनुसार भारतले दक्षिण एसियामा क्षेत्रीय वर्चस्व कायम गर्न विभिन्न हत्कण्डा अपनाइरहेको छ, जसमा नेपालको विद्युत्लाई पनि एक अस्त्रका रूपमा प्रयोग गरिँदै छ। यद्यपि चीनलाई नेपालको विकासको अग्रमोर्चाबाट पछि हटाउने प्रयासले चीन-नेपालको सहकार्यमा अवरोध पुऱ्याउन सक्दैन। चीनले इमानदारीसाथ नेपालको अर्थतन्त्र एवं पूर्वाधार विकासमा सहयोग गरिरहेको छ। उसले नेपालका स्रोतलाई रणनीतिक गोटीका रूपमा प्रयोग गरिरहेको छैन।

आजभन्दा करिब १० वर्षअगाडि नेपालमा एकदमै सीमित ऊर्जा आपूर्ति थियो। हालका दिनमा नेपालको ऊर्जा उत्पादन एवं आपूर्ति उल्लेखनीय ढंगले बढेको छ र नेपालले सन् २०२४ भित्र सबै जनतामाझ बिजुली पुऱ्याउने लक्ष्य राखेको छ। यो १० वर्षे प्रगतिमा चिनियाँ कम्पनीको अभूतपूर्व योगदान छ।

उदाहरणका लागि नेपालको राजधानी काठमाडौं र पर्यटकीय नगरी पोखरालाई स्थिर ढंगले विद्युत् उपलब्ध गराउने माथिल्लो मर्स्याङ्दी 'ए' चीनले बनाएको पहिलो परियोजना हो। गत नोभेम्बरमा यस परियोजनाले विशेष योगदान पुरस्कार पायो। त्यसैगरी, मार्चमा सञ्चालनमा आएको र कुल क्षमता चार सय ५६ मेगावाट पुग्ने तथा नेपालको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतको योगदान पुऱ्याउने भनिएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको निर्माण पनि चिनियाँ कम्पनीले नै गरेको थियो।

नेपालले सुक्खायाममा पर्याप्त ऊर्जा आपूर्तिका लागि जलविद्युत् आयोजना निर्माण गर्छ भने नेपालले निश्चय नै वर्षायाममा अधिक विद्युत् उत्पादन गर्नेछ। विदेशी खरिदकर्ता भएन भने अधिक विद्युत् खेर जानेछ र यसले जलविद्युत् योजनामा विदेशी लगानीलाई निरुत्साहित गर्नेछ। दक्षिण एसियामा नेपालको अहिलेको मुख्य विदेशी विद्युत् बजार भारत र बंगलादेश हुन्। हाल भारतले नेपाललाई १० विभिन्न जलविद्युत् आयोजनाबाट उत्पादन हुने चार सय ५२.६ मेगावाट बिक्री गर्न अनुमति दिएको छ। नेपाल र बंगलादेशबीचको विद्युत् व्यापारमा भारतको रबैयाले महत्वपूर्ण भूमिका खेल्नेछ।

भारतको विद्युत् खरिदसम्बन्धी नीति परिवर्तनका कारण नेपालले ६ परियोजनाबाट चिनियाँ निर्मातालाई हटाएर तीमध्ये चार परियोजना भारतीय कम्पनीलाई सुम्पिएको छ

भारतले सन् २०१४ देखि नेपालबाट विद्युत् खरिद गर्दै आएको छ, तर सन् २०१८ मा भारतले आफ्नै नीति परिवर्तन गऱ्यो। भारतले 'ऊर्जा क्षेत्र साझेदारीमा बहुपक्षीय सम्झौता' नगरेका मुलुकबाट उत्पादित विद्युत् खरिद नगर्ने निर्णय गऱ्यो अर्थात् भारतले चिनियाँ लगानी वा चीनले निर्माण गरेका परियोजनाबाट विद्युत् खरिद नगर्ने भयो। कैयौं विज्ञका अनुसार भारतको यस निर्णयले नेपाललाई दिल्लीसामु झुक्नुको विकल्प राखेन।

भारतको विद्युत् खरिदसम्बन्धी नीति परिवर्तनका कारण नेपालले ६ परियोजनाबाट चिनियाँ निर्मातालाई हटाएर तीमध्ये चार परियोजना भारतीय कम्पनीलाई सुम्पियो। चिनियाँ लगानीमा बनेका विद्युत् परियोजनाले भारतीय बजारमा पहुँच पाउन नसक्दा नेपालले विद्युत् बिक्री गरेर कमाइ गरौंला भन्ने आशामाथि तुसारापात गरेको छ र चिनियाँ लगानी निरुत्साहित हुँदै छ।

ग्लोबल टाइम्सलाई एक ठूला चिनियाँ निर्माताले नाम नखुलाउने सर्तमा भारतले विभिन्न तिकडम अपनाएर चिनियाँ लगानीमा भाँजो हाल्न नेपाल सरकारलाई दबाब दिइरहेको बताए। र, ५ र ६ वैशाखमा काठमाडौंमा भएको ऊर्जा सम्मेलनमा चिनियाँ कम्पनी र तिनका प्रतिनिधिले सहभागिता नजनाएको सम्मेलनका उपाध्यक्ष गणेश कार्कीले बताए। तर, नेपालमा रहेका केही चिनियाँ कम्पनीका प्रतिनिधिले भने आफूहरूलाई निम्तो नै नआएको बताएका छन्।

'चाइनिज एकेडेमी अफ सोसल साइन्सेसको नेसनल इन्स्टिच्युट अफ इन्टरनेसनल स्ट्राटेजी'का सहायक अनुसन्धानकर्ता सुन छिउका अनुसार भारतको ऊर्जा खरिद 'नीति परिवर्तनले चीन-भारत सम्बन्धलाई पनि दर्साउँछ। सन् २०१७ मा चीन र भारतबीच डोक्लाममा भएको टकरावका कारण दुई मुलुकबीचको सम्बन्ध चिसिएको थियो। यसैको नतिजा भारत चिनियाँ प्रभावलाई नेपालमा निस्तेज गर्न चाहन्छ। जलस्रोत मन्त्रालयका पूर्वसचिव द्वारिकानाथ ढुंगेलले पनि ३० मे का दिन बिबिसीमा भारतले नेपालमा चिनियाँ लगानी रोक्ने प्रयास गर्दै छ भनेका थिए। त्यसैगरी भारतको अब्जर्भर रिसर्च फाउन्डेसनका एक अध्येताले 'भारतले नेपालमा चीनलाई ब्याकफुट (पछाडि) धकेल्दै' छ भन्दै लेख लेखेका थिए।

यो परिस्थितिको सामना गर्न चीन र नेपालबीच अन्तर-सीमा पावर ग्रिडको विकासबारे छलफल गर्न ढिलाइ गर्न नहुने सुन बताउँछन्। 'यसो गर्दा सुक्खायाममा नेपालले चीनबाट विद्युत् आयात गर्न सक्छ भने बर्खामा बढी भएको विद्युत् चीनमा निर्यात गर्न सक्छ। र, यसले नेपालको भारतप्रतिको निर्भरता पनि घटाउँछ,' सुन थप्छन्। यस्तो पावर ग्रिडको सम्भावनामा प्रगति भने भइरहेको छ, गत १२ फागुनमा अन-साइट इलेक्ट्रिकल टेस्टिङसमेत भएको थियो। पावर ग्रिडको ७० किलोमिटर लामो परियोजनाले चीन र नेपालबीच पाँच हजार मेगावाट बिजुलीको प्रसार हुनेछ।

यही फेब्रुअरीमा चीनस्थित नेपाली दूतावासमा भएको एक समारोहमा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले नेपाल सरकारले चीनसहित विभिन्न मुलुकबाट लगानी भित्र्याउन विभिन्न नीति निर्माण गरेको बताएका छन्। यही १६ मार्चमा चिनियाँ राजदूत चेन सोङले चीनले नेपालको जलस्रोत विकासमा स्वच्छ बजार नियमबाट चल्ने बेल्ट एन्ड रोड इनिसिएटिभअन्तर्गत सदैव सहयोग गरिरहेको बताएका थिए। सात वर्षयतादेखि चीन नेपालको विदेशी लगानीको सबैभन्दा ठूलो स्रोत हो र चीनले नेपालमा एक लाखभन्दा बढी रोजगारी सिर्जना गरेको छ।

*(ग्लोबल टाइम्समा ९ जुनमा प्रकाशित रिपोर्टको सम्पादित अंश)*

प्रेरक

## दृढ अठोटको परिणाम

यो घटना १८९२-९३ तिरको हो । लाहोर कलेजमा स्नातक तहमा एक गरिब विद्यार्थी पढ्थे । गरिब भए पनि उनी पढाइमा भने निकै तेज थिए । एकपटक अर्को एक छात्रले ती गरिब विद्यार्थीलाई हेप्ने उद्देश्यले होच्याउँदै भने- ब्राह्मण भएर तिमी संस्कृतको साटो फारसी पढ्दै छौ । यो कति लाजमर्दो कुरा हो भन त ।'

साथीको यस भनाइले ती विद्यार्थीलाई चसक्क बिझायो । उनले संकल्प गरे एक न एक दिन म अवश्यै संस्कृत भाषा र साहित्यको राम्रो ज्ञान हासिल गरेरै छोड्नेछु । तत्काल उनले केही भनेनन् । उनले मुखले बोलेर प्रतिवाद गर्नुभन्दा पनि कामले नै त्यो पुष्टि गरेर देखाउने अठोट गरे । उनी छिटोभन्दा छिटो संस्कृतको मूलभूत जानकारी प्राप्त गर्न चाहन्थे । त्यसैले उनले संस्कृतका एकजना अध्यापकसँग गएर आफ्नो चाहना व्यक्त गरे । उनी सोही वर्षको संस्कृत भाषाको स्नातक तहको परीक्षामा सम्मिलित हुन चाहन्थे । उनको चाहना बुझेपछि पहिले ती अध्यापक मुसुक्क मुस्कुराए । भने- रहर गर्नु त ठिकै हो तर संस्कृत पढ्दै नपढेको विद्यार्थीले एकैपटक स्नातक तहको संस्कृतको परीक्षा कसरी दिन सक्छौ ?

अध्यापकको रुखो जवाफपछि उनी निराश भएनन् । उनी आफ्ना बाबु, साथीहरू र कक्षामा जान्ने विद्यार्थीको सम्पर्कमा रहेर संस्कृत अध्ययनमा जुटे । त्यसको तीन महिनापछि उनी पुनः तिनै अध्यापककोमा पुगे । त्यहाँ पुगेपछि उनले संस्कृतको परीक्षा दिने अवसर मिलाइदिनका लागि अनुरोध गरे । उनको क्षमता जाँच्ने अभिप्रायले अध्यापकले प्रश्न सोध्दा उनले भटाभट सबै प्रश्नको उत्तर सजिलै दिए ।

दृढ निश्चयी यी विद्यार्थी भारतीय सभ्यता र संस्कृतिका अमूल्य रत्न रामतीर्थ थिए जसले स्नातकको सो परीक्षामा विश्वविद्यालय भरिमै पहिलो स्थान प्राप्त गरे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू भेटिनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । बौद्धिक जगतले तारिफ गर्नेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### वृष

बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ । अर्थअभावले विशेष काम रोकिन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । तर अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ । आर्थिक समस्या सुल्झाउन कर्जा लिनुपर्ला । सरसापटमा गएको रकम तत्काल फिर्ता नहुन सक्छ । आश्वासन बाँड्नेहरूले झुक्याउलान् । टाढाका साथीभाइ नजिकिनेछन् ।

### मिथुन

पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ भने सम्पादित कामको मूल्यांकनले जिम्मेवारी समेत दिलाउनेछ । विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा-व्यवसायमा पनि फाइदा हुनेछ । आयस्रोत राम्रो हुनाले मनग्य धन सञ्चय हुनेछ । आवश्यक भौतिक साधन जुट्नेछन् । व्यापारमा राम्रै फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।

### कर्कट

सानो प्रयत्नले कीर्तिमानी कामको यश लिने सौभाग्य प्राप्त हुनेछ । आम्दानी थोरै भए पनि आवश्यकता पूरा हुनेछ । शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि कर्मसञ्चय गर्ने समय छ । सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ । मिहिनेतको राम्रो प्रतिफल प्राप्त हुनेछ । आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ । सोचेको काम पूरा हुनेछ ।

### सिंह

विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला । परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ । प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ । श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ । लामो यात्रा गर्नुपर्ने समय आएकोले होसियार रहनु पर्ला ।

### कन्या

सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । हल्लाको पछि लाग्दा दुःख पाइनेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपरे पनि मिहिनेत गर्दा पछिका लागि लाभ मिल्नेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला । शुभचिन्तक र प्रतिस्पर्धीलाई समेत समेटेर काम लिनुपर्ने समय छ ।

### तुला

माहोल रमाइलो रहनेछ । चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । मिहिनेतको फल प्राप्त हुनेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । रचनात्मक काममा जुट्ने समय छ । विभिन्न भौतिक साधनहरू प्राप्त हुनेछन् । नोकरी तथा व्यवसायमा विशेष फाइदा होला ।

### वृश्चिक

मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुनेछन् । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ । महत्त्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ । मित्र तथा परिवाजनबाट सहयोग नमिल्ला भन्न सकिन्न ।

### धनु

छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि गरेको कामले आशा भने जगाउनेछ । समयको मागअनुसार चल्ने प्रयास गर्नुहोला । बौद्धिक व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ । मेहनत गर्दा अध्ययनमा प्रगति हुनेछ ।

### मकर

आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । अवसर मिले पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ । पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ । अरूको भरले मात्र काम पूरा नहुन सक्छ । अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा सामान्य लाभ हुनेछ । रोकिएका काम दोहोर्‍याउनुपर्ला । आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् ।

### कुम्भ

योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा मनग्य धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ ।

### मीन

प्रयत्न गर्दागर्दै पनि केही कमजोरी देखा पर्न सक्छन् । आलोचकहरूबाट पनि केही सजग रहनुपर्ला । मौकामा प्रयत्न गर्दा काम बन्नेछ । सोखले खर्च बढाए पनि मालमत्ता जोड्ने समय छ । आर्थिक कारोबारतर्फ लाभ मिल्नेछ । तर खर्च बढ्नेछ । आज बाहिरिएको धन भने फिर्ता आउन मुस्किल पर्नेछ । विवादास्पद समस्या सुल्झाउने जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ । वैवाहिक जीवनमा बाँधिने योग छ । प्रसन्नता मिल्नेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Multifarious = दुई नमिल्ने कुरा Being a housewife and a working lady at the same time is a multifarious duty एकै साथ घरधन्दा गर्ने महिला हुनु र कामकाजी महिला हुनु दुई नमिल्ने कुरा हुन ।

Nettle = क्रोधित बनाउनु He never nettles anyone by his remarks ऊ आफ्ना कुरागराईले कहिले पनि अरूलाई क्रोधित बनाउँदैन ।

Oscillate = तरल रुपमा बाहिर आउनु Now the public opinion has oscillated for and against of constituent assembly अहिले जनमत संविधानसभाको पक्ष र विपक्ष तरलित हुँदै बाहिर आएको छ ।

Probity = नैतिक, भ्रष्ट हुन नसक्ने प्रवृत्ति Probity should be taken for granted if we think of a society free of corruption भ्रष्टाचाररहित समाजको सृजना गर्ने हो भने नैतिकतालाई महत्व र मान्यता दिनुपर्दछ ।

Quadruped = चारखुट्टे Most of the animals are quadrupeds धेरैजसो जनावरहरू चारखुट्टे हुन्छन ।

Ruddy = रातो पिरो His ruddy face proves his healthiness (उसको रातो पिरो अनुहारले ऊ स्वस्थ छ भन्ने प्रमाणित गर्दछ ।

Substantiate = यथार्थमा परिणत गरी देखाउनु Substantiating every concept requires both time and resources कुनै पनि सोचलाई यथार्थमा परिणत गर्न समय र स्रोत दुवैको उत्तिकै आवश्कता पर्दछ ।

Trepidation = भय Having a feeling of trepidation before interview is a normal phenomenon अन्तर्वार्ताको अगाडि डरलाग्नु एक सामान्य प्रवृत्ति हो ।

Unravel= वाधा अडचन फुकाउनु । समाधान गर्नु She is quite pragmatic and unravel any complexity without much effort तिनी ज्यादै व्यावहारिक छिन र कुनै पनि समस्या विनाठूलो प्रयास सजिलै समाधान गर्दछिन ।

Virtuoso = अति नै दक्ष कलाकार Already at the age of 18, he was quite a virtuous १८ वर्षको उमेरमा ऊ दक्ष कलाकार बनिसकेको थियो ।

## Do बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Do away with oneself = आत्महत्या गर्नु It is already second time she tried to do away with herself तिनले आत्महत्या गर्ने कोसिस गरेको दुइपटक नै भैसक्यो ।

Do somebody down कसैलाई होच्याउनु His way of doing his friends down is not good आफ्ना साथीहरूलाई होच्याउने उसको तरिका राम्रो होइन ।

Do something down = त्याग्नु Youths nowadays tend to do traditional costume down आजकालका युवाहरू परम्परागत पहिरन त्याग्ने गर्दछन ।

Do for somebody = कसैलाई घरको काममा सघाउनु Sita has been doing for us for last three years सीताले हामीलाई विगत ३ वर्षदेखि घरको काममा सघाउँदै आएकी छिन ।

Do for something = केही कुरालाई उत्साहित गर्नु This year's budget has done for cottage industry यस वर्षको बजेटले घरेलु उद्योगलाई उत्साहित गरेको छ ।

Do something for somebody = केही कुराले कसैलाई राम्रो गर्नु Such working style do a lot for her उनको यस्तो काम गर्ने प्रवृत्तिले उनलाई राम्रै गर्छ ।

Do with something = संग सम्बन्धित हुनु My job has something to do with only computer मेरो काम कम्प्युटरसँग मात्रै सम्बन्धित छ ।

Do for something = केहीको लागी गर्नु He has already done a lot now for next year's examination आगामी वर्षको परिक्षाको लागि उसले अहिले नै धेरै गरिसक्यो ।

Do oneself in = सिध्याउनु A depressed man can anytime do himself in एक निरास भावना भएको व्यक्तिले कुनै पनि बेला आफूलाई सिध्याउन सक्छ ।

Do something out = सफा गर्नु Your room needs to do out ! तिम्रो कोठा सफा गर्नु आवश्यक छ ।


### सुडोकु-अंक ३०६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ८ | | | | २ | | | |
| १ | | | ५ | | | | | २ |
| ६ | | | ४ | ९ | | | | |
| | ६ | | | | | | ७ | |
| | ३ | २ | ६ | | ८ | १ | ९ | |
| | ४ | | | | | | ३ | |
| | | | | २ | ९ | | | ६ |
| ८ | | | | | ५ | | | ३ |
| | | | ३ | | | | ८ | ७ |

### अंक ३०५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ४ | १ | ८ | ५ | २ | ९ | ७ | ३ |
| २ | ५ | ७ | ४ | ९ | ३ | ६ | ८ | १ |
| ३ | ९ | ८ | १ | ६ | ७ | ४ | २ | ६ |
| ७ | ३ | २ | ५ | ८ | ६ | १ | ९ | ४ |
| ४ | ८ | ९ | ३ | २ | १ | ५ | ६ | ७ |
| १ | ६ | ५ | ९ | ७ | ४ | २ | ३ | ८ |
| ९ | १ | ३ | २ | ४ | ८ | ७ | ५ | ६ |
| ५ | ७ | ४ | ६ | ३ | ९ | ८ | १ | २ |
| ८ | २ | ६ | ७ | १ | ५ | ३ | ४ | ९ |

# के हो ओजोन ? के हुँदैछ ओजोन ?




हाम्रो वायुमण्डलमा ७८ प्रतिशत नाइट हो ओजोन ? के हुँदैछ ओजोन ?

हाम्रो वायुमण्डलमा ७८ प्रतिशत नाइट्रोजन, २१ प्रतिशत अक्सिजन र १ प्रतिशत अन्य ग्यासहरू कार्बन डाइअक्साइड, ओजोन, प्रोजोन, मिथाइल इत्यादि छन् । वायुमण्डलको सन्तुलनका लागि यी सबै ग्यासको समान महत्व छ ।

दुइटा अयिक्सजन $O_2$ का अणुमा अक्सिजनकै थप अर्को (O) को मिलनपछि ओजोन $O_3$ बन्छ । यो ग्यास हाम्रो वायुमण्डलको २०-३० किमि माथिसम्म फैलिएको छ, जसले सूर्यबाट आउने परावैजनिक किरणलाई आकाशमै रोकेर धरतीमा जीवनको रक्षा गर्छ । सूर्यबाट आउने पराबैजनिक किरण ज्यादै घातक हुन्छ, यसले जमिन र पानीभित्रका जीव वा प्राणी र वनस्पतिलाई समेत नष्ट गर्न सक्छ ।

पृथ्वीको सृष्टि हुँदा सुरुमा यो रातो र तातो थियो । अरबौं वर्षपछि पृथ्वीको बाहिरी भाग सेलाएर जमिन र पानीको भाग छुट्टियो । त्यसपछि पनि धेरै वर्ष पृथ्वीमा कुनै जीव थिएन । त्यसको प्रमुख कारण सूर्यको त्यही घातक पराबैजनिक किरण थियो । विस्तारै समुद्रका ढुंगाका कापहरूमा अमिबा, हाइड्रा जस्ता एक कोषीय, दुई कोषीय जीवहरूको उत्पत्ति भयो, जहाँ सूर्यको किरण पुग्दैनथ्यो ।

लाखौं वर्षपछि वायुमण्डलमा ओजोन ग्यासको तह बन्यो । ओजोन तह बनेपछि पहिले पानीमा र पछि जमिना जीव, प्राणी र वनस्पतिहरूको उत्पत्ति र विकास हुन थाल्यो । आज पृथ्वीको जमिन, पानी र आकाशमा लाखौं प्रकारका प्राणी, वनस्पति वा जीवहरूको अस्तित्व छ । त्यसमा पनि ओजोन ग्यासको भूमिका अहं छ । ओजोन अक्सिजनबाट बन्छ भने अक्सिजनको मूल स्रोत वनस्पति र समुद्र वा पानी अर्थात् नदी, खोला, तालतलैया हुन् ।

आज वायुमण्डलको ओजोन तह नष्ट भइरहेको भनी विश्वव्यापी चिन्ता बढेको छ । त्यसका मूलतः दुइटा कारण छन् :

(१) वनजंगलमाथि मानवीय विनाशकारी अभियान- हरेक वर्ष पृथ्वीमा एक करोड हेक्टर वनजंगल सखाप भइरहेछन् । बढ्दो जनसंख्यालाई खाद्यान्नको आपूर्ति र काठजन्य वस्तुहरूको प्रयोग अनि इन्धन, आवास, कागज, औषधि, रङ आदि उद्योगको मूल स्रोत वनजंगल हुनाले त्यसको विनाश गरिन्छ । त्यसैगरी झन्डै १३ करोड जनसंख्या आज पनि समुद्री जलचर र खाद्यपदार्थ संकलन गर्न जुटिरहेछ, जसले समुद्रको खाद्यचक्रलाई अघात पुर्‍याइरहेछ । त्यसरी नै औद्योगिक सहरहरूबाट निस्कने प्रदूषित र घातक रसायनिक पदार्थहरूको बाढीले समुद्र, खोला, नदी, तालतलैयाहरूको अस्तित्वमाथि भीषण अतिक्रमण गरिरहेछ । यी सबै कारणले अक्सिजनको एक मात्र महान् स्रोतको क्षमतामा ह्रास आइरहेछ ।

(२) क्लरोफ्लुरो कार्बनको अधिक उत्पादन : वायुमण्डलको ओजोन तह नष्ट हुनुमा समाजमा लोकप्रिय रेफ्रिजेरेटर, एअर कुलर, फोम, डनलपजस्ता कुराहरू पनि छन् । किनभने तिनले क्लरोफ्लुरो कार्बन उत्पादन गर्छन् । यो ग्यास पनि ज्यादै घातक हुन्छ किनकि कतै खर्च नहुने भएकाले वायुमण्डलमा यसको अस्तित्व वर्षौंवर्ष रहिरहन्छ, जसले ओजोन तहलाई निरन्तर विघटन गरिहन्छ । त्यसै गरी सौन्दर्य प्रसाधनका वस्तुहरू क्रिम, पालिस, पाउडर, इनामेलजस्ता कुराहरूले पनि फ्रेआन, हैनानजस्ता ग्यासहरू उत्पादन गर्छन् । तिनले पनि ओजोनसँग प्रतिक्रिया गरेर यसको विघटन गर्छन् ।

बालीनालीमा कीटनाशक औषधि र हजामले ग्राहकको कपालमा पानी छर्कंदा प्रयोग हुने स्प्रेले पनि पानी $(H2^0)$ का अणु टुक्र्याएर त्यसको अक्सिजन निष्क्रिय बनाउँछ । त्यसरी लामो समयसम्म निष्क्रिय रहने अक्सिजनको अणुले पनि ओजोन तह विघटन गर्छ ।

त्यसैले झन्डै एक अरब वर्षको पृथ्वीको जैविक विविधता (Bio-diversity) वायुमण्डलमा ओजोनको तीव्र विघटनले संकटमा पर्दैछ । झन्डै डेढ दशकअघि नै वैज्ञानिकहरूले एन्टार्कटिका र स्विडेनको आकाशमा ओजोन तह नष्ट भएर पृथ्वीमा परावैजनिक किरणको दुष्प्रभाव पर्न थालेको बताएका थिए ।

अब प्रश्न उठ्छ- ओजोन ग्यासको संरक्षण कसरी गर्ने ? मानव समाजले अन्धाधुन्ध विकास र भौतिक सुविधाका लागि जे पनि गर्ने संस्कृतिलाई आमूल परिवर्तन नगरी धरतीको जैविक विविधताको रक्षाकवच ओजोनको संरक्षण गर्ने कुनै जादुको छडी छैन । वायुमण्डलको ओजोन तह जोगाउन निम्न कुराहरू ठोस रुपले कार्यान्वयन गर्नुपर्छ विश्वका शासकहरूले-

(१) झन्डै ७ अरब जनसंख्या भएको पृथ्वीमा आधा जनसंख्या घटाउने रणनीति हुनुपर्छ । यसका लागि पितृसत्तात्मक संस्कार र संस्कृति बदलेर 'छोरीहरू महान् हुन्' भन्ने नयाँ संस्कृति निर्माण र विकास हुनुपर्छ । 'छोराले पितृलाई स्वर्ग तार्छ' भन्ने अन्धविश्वासमा लागेर भारतमा १४ प्रतिशत र चीनमा १६ प्रतिशत नारीहरूको संख्या घटिसक्यो । अर्कोतिर ती देशको जनसंख्या विस्फोटक बनिरहेछ । यो प्रवृत्ति सबै विकासोन्मुख मुलुकहरूमा पनि देखिन्छ ।

(२) कतिपय औषधिहरू रेफ्रिजेरेटरमा राख्नैपर्छ र एअर कुलर भनेको सुत्केरी आमा, बच्चा, रोगी बूढाबूढीहरूलाई उपलब्ध हुनुपर्छ तर तिनले होइन, धनसम्पत्ति प्रशस्त हुनेहरूले मात्र यस्ता वैज्ञानिक उपकरणको अति प्रयोग गरिरहेछन् । अत्यावश्यक र सीमित रुपलेबाहेक अरु सम्पूर्ण ठाउँका क्लरोफ्लुरो कार्बन उत्पादन गर्ने यस्ता उपकरणहरूमाथि प्रतिबन्ध लगाउनुपर्छ । प्राकृतिक मानव जीवन प्रकृतिअनुकूल बनाउन कडा अभ्यास गर्नु सबैलाई फलदायी हुनेछ । यही कुरा नारी सौन्दर्य प्रसाधनका वस्तुहरूमाथि पनि लागू हुन्छ । त्यसैगरी सबै प्रकारका स्प्रेहरू क्रमशः नियन्त्रण गर्दै जानुपर्छ ।

(३) इन्धन, कागज, रुङ, फर्निचरजस्ता दैनिक उपभोग्य वस्तुहरू थोरैभन्दा थोरै प्रयोग गर्नुपर्छ । हरेक संघसंस्था र व्यक्तिहरू वातावरण संरक्षणमा लागि परे वनजंगलमाथिको दबाब र विनाश नियन्त्रणमा आउनेछ ।

(४) समुद्र, खोलानाला, नदी, तालतलैयाका जलचर मार्ने र खाद्यवस्तुका रुपमा संकलन गर्ने क्रियाकलापहरू क्रमशः रोक्नुपर्छ । खोला, नदी र समुद्रहरूमा सहरबजारबाट प्रदूषित रसायनिक पदार्थहरूको बाढी हुल्ने कार्य तत्काल नियन्त्रणमा ल्याउनुपर्छ ।

तर माथिका कदमहरूको कार्यान्वयन त्यतिखेर मात्र हुनेछ, जब धरतीप्रेमी पर्यावरणवादीहरू सचेत, संगठित र संघर्षशील बनी पर्यावरण क्रान्तिको आँधीबेहरीले प्रकृतिप्रतिकूल देखिएका शासकहरू पतन हुन्छन् र राज्यसत्ता वातावरणवादीको हातमा जानेछ । त्यसका लागि सम्पूर्ण पर्यावरणवादीहरू आजैदेखि आआफ्नो ठाउँबाट क्रियाशील र चिन्तनशील बन्नुपर्छ ।

# Kim Jong Un, General Secretary of the Workers` Party of Korea Visits Central Cadres Training School of WPK and Gives Commemorative Lecture (October 17,2022)

Kim Jong Un, general secretary of the Workers' Party of Korea and president of the State Affairs of the Democratic People's Republic of Korea, visited the Central Cadres Training School of the WPK, the highest seat for training party cadres, on Oct. 17, 2022 to give a commemorative lecture titled "On the Orientation of the Building of Our Party in the New Era and the Tasks of the Central Cadres Training School of the Workers' Party of Korea" before the teaching staff and students of the Central Cadres Training School.

After summing up the proud successes and valuable experience gained in the building of our Party over the past decade he clarified the orientation of the WPK building in the new era.

Saying that the heavy yet enormous task and subjective and objective situation facing our revolution at present and the lawful course of socialist construction require the steady development in party building, he continued his lecture:

As I have mentioned before, the Party is the guiding force and organizer of the revolution, so the work of strengthening the Party should always be ahead of the times and certainly be successful.

The cause of party building is precisely a revolutionary cause, and the level of party building can be called the level of revolutionary development.

Our Party has achieved valuable successes in Party building over the past decade, but we should step up the modeling of the whole Party on Kimilsungism-Kimjongilism on a new, high stage with redoubled efforts.

What is important for the socialist ruling Party in opening up its future is to resolutely maintain its own duty and principles of activity without losing its centre of development under any circumstances and conditions, continue to intensify the struggle for uniting the whole Party around the Party Central Committee and always root firmly among the working masses and gain the unanimous trust of all the people.

In particular, the greater tasks and the more difficulties the revolution face, the more should we deepen the trust of the masses in the Party and consolidate the cornerstone of their trust in it. This presents itself as a preferential and core task.

Therefore, the Party Central Committee considers it necessary and most appropriate to strengthen our Party into a party that is politically mature, organizationally sound, ideologically pure, strictly disciplined and sound in style as required by the new era.

In a word, we can say that political, organizational and ideological construction and discipline and work style building are the directions for our Party building in the new era.

The new five-point construction direction is very important both in view of the historical lessons of the world socialist movement and in view of the situation in our Party.

The history of the world socialist movement never knows that a ruling party which is politically weak, organizationally and ideologically unsound and dominated by indiscipline and wrong work-style had led correctly the revolution and served the people with credit.

A party which was vulnerable to self-building, without exception, lost the people's trust and leadership, and failed to overcome the challenges and offensive of the counterrevolution.

Our Party has so far achieved a great victory, overcoming the grave difficulties, through a tireless struggle to make the whole Party a powerful integral organization and ideological pure entity and combine leadership with the masses in the three aspects of organizational building, ideological building and leadership art building.

Analyzing the subjective and objective conditions of our revolution and the present situation of Party work, he explained the issues arising in boldly overcoming the outdated and backward things that put a brake on the building of the Party and the development of its work and in building the Party in keeping with the new era by not resting on its laurels but putting spurs to the strengthening of the whole Party and by working with more appropriate and effective methodology.

He said that we should effectively promote the development of the Party in line with the party building orientation in the new era and thus establish the appearance and traits of the Party guaranteeing its eternal prosperity and confidently advance toward the building of socialism and communism. He went on:

We must press ahead with the political construction of the Party.

The Party's political construction is a central task in steadily enhancing the Party's leadership ability and maintaining and consolidating its correct political traits.

Our Party has so far purposefully and consistently in a unique way conducted the work to strengthen itself politically.

In this way, we have set a world example in consolidating the revolutionary political climate in the Party with the monolithic ideology and leadership as the core and in equipping it with the appearance and prestige of a political leadership organization.

There is no reason to neglect or egotize with the great success our Party has achieved in this field, and in reality there is an urgent need to raise the Party's leadership authority and further improve its political spirit in the Party work.

The Party's political construction should always be given priority and strengthened, and the other sectors of Party building, including organizational and ideological building, should be led and defined by it.

The basic requirement of political construction is to intensify the work for establishing the monolithic leadership system of the Party Central Committee on a new level.

The monolithic leadership system of the Party Central Committee is the backbone of our Party's leadership ability, the core of its political traits, and the root of the high dignity and strong fighting efficiency of our Party envied by all other revolutionary parties.

As has already been clarified, the ideal goal of establishing the monolithic leadership system of the Party Central Committee is to make the whole Party a single-hearted entity with the Party Central Committee, one head and one body.

We should firmly defend the authority of the Party Central Committee and unconditionally implement its ideas, decisions and instructions, concentrate all the issues arising in Party work and activities on the Party Central Committee in a thoroughgoing way, and deal with them according to its conclusion, and not to delay even a moment but continue to conduct in depth the work of establishing strict order and discipline in which the whole Party moves as one under the unified leadership of the Party Central Committee.

What is important is to make the whole Party cherish faith and maintain pure loyalty.

The monolithic leadership system of the Party Central Committee will be further consolidated when it is supported by loyalty emanating from the minds of officials and Party members of its own accord.

True loyalty to the Party does not come into being or harden into faith overnight. Therefore, all Party organizations should not make pretence but conduct effective cultivation of loyalty with great efforts, so as to make it a trait of politico-ideological and moral obligation.

It is important to make thinking and activities of all the officials and members of the Party consistent with loyalty and thus ensure that the monolithic leadership system of the Party Central Committee is steadily strengthened on the basis of the intense loyalty of the masses, no matter how the situation may change and how much water may flow.

Another important requirement of political construction is to ensure that Party committees at all levels perform their functions and role correctly as the supreme leadership bodies and political staff of the units concerned.



The Party committee concerned should thoroughly maintain the system and order of controlling and guiding in a unified way all the organs and organizations in its region and unit, and ensure that all work is conducted properly through the collective leadership of the Party committee while giving full play to inner-Party democracy.

In particular, the work of the Party organizations should be turned into the one with people and be consistent with political activities, so as to overcome the tendency of Party work becoming administrative and practical and of Party officials taking over administrative affairs.

Another important requirement of political construction is to encourage all Party members to play their role as political activists with a high degree of political consciousness.

This is precisely the task which our Party must tackle with a focus in political construction.

It is self-evident that the party can fully discharge its mission and role as the political general staff only when every party member forming the Party has a good understanding and struggle as a voluntary vanguard and political activist, he said, explaining the issues for raising the political sensitivity and political and theoretical level of the party members and enhancing the political activities of the party members. He went on:

Another important requirement of political construction is to steadily develop the method of leadership on the revolution and construction.

The proper combination of leadership with the masses is always essential in the political guidance of the Party.

We should actively apply to the Party work and activities of today the powerful methods of leadership that have been created and whose vitality have been displayed to the full by our Party in the course of its long struggle of leading the revolution and construction, while enriching them in keeping with the times and the development of the revolution.

We should also make effective use of the method of creating and generalizing innovative and leaping new standards of development and models that can be representative of the times in each sector and the campaigns in which one overtakes and learns from others and swaps experiences with each other and other methods created in the new era, so as to enlighten, encourage and renew the whole of society.

It can be said that it is one of the leadership methods to steer the excellent climate of the Party and the good tendency and atmosphere of the whole society through the noble relations of trust, respect, devotion and obligation between the Party and the masses in the glorious struggle of writing a new history of the Juche revolution.

The whole Party should actively encourage and cultivate such good traits as respecting and giving prominence to revolutionary forerunners, pioneers of the times and honest working people, loving children and caring for those in difficulties, so as to ensure that positive influence prevails throughout social life and that noble virtues and affections continue to develop into a national custom.

He stressed the need to continue to strengthen the organizational building of the Party.

To steadily strengthen the party organizationally is an essential requirement for consolidating the organizational unity of the whole party centered on the Party Central Committee and ensuring the sound metabolism and fighting efficiency of the party, he said, referring to a series of deviations remaining in the work of organizationally readjusting and strengthening the party, and elaborating on the principles for steadily consolidating the party and revolutionary ranks in an organizational way as the revolution and construction advance and struggle deepens.

He explained that it is an important task in organizational building of the party to transform the party ranks into elites and it is achieved as the substantial result of the work for increasing the party membership and managing its ranks.

He stressed that the work with the masses is the work for consolidating the party's mass foundation and strengthening the single-minded unity and at the same time a vital issue related to the existence of the party. He also referred to the issue of giving priority to the work for winning trust of the masses and consolidating it, the issue of party organizations and officials for always lending ear to the people's mindset, responding sensitively to and properly coordinating their feelings and the issue of directing efforts to working with the youth and students, an important guarantee for building the party in the centuries.

He called for further deepening and developing the party's organizational construction to steadily strengthen the party into an integral organization and a party which achieved the unity of actions dynamically advancing toward the construction of socialism and communism purposed by us by overcoming any storm and stress.

He stressed the need to push ahead with the ideological building of the party more dynamically.

Noting that precedence should be naturally given to the party's ideological work before all other works in view of its essential requirement and only then is it possible to prevent the change and degeneration of the party and lead the revolutionary and enterprising development, he set forth in detail the ways for enhancing the penetration and effectiveness of the ideological work in conformity with the revolutionary development, the change of the times and the level of consciousness of the masses.

He stressed the need to adhere to the principle of preserving the monolithic management system of ideological work as the lifeblood and giving priority to ideological work in all work, to conduct the work of developing and enriching the contents of the Party's ideological education as required by the revolutionary practice, to pay attention to regularly and substantially operating the ideological work system and information and motivation forces and means and actively using modern information means, to improve the form and method of ideological work in keeping with the developing era and the change in the people's consciousness, and to make the atmosphere of voluntarily studying the party policy and new knowledge and working in a fresh way prevail in the whole party by having the slogan for making the whole Party the studying party become that of the masses themselves and to give vitality to the ideological position and continue to rev up the revolutionary enthusiasm of the masses by increasing the output and influence of media and bringing about innovations in creative activities in the literature and art.

He pointed out the issues of intensifying the struggle against anti-socialist and non-socialist practices and the uncompromising struggle against all sorts of opportunistic and counterrevolutionary ideological tendencies in the party's ideological construction.

He stressed the need to conduct in depth theoretical research for deeply explaining and propagating the ideas and theories and policies of the WPK and deepen it in a far-sighted way so as to lead the ideological building of the Party by providing theoretical and profound clarification of the law of the development of our Party and revolution and the prospect of socialist construction in the theoretical study field and developing them systematically.

He stressed the need to push ahead with the building of the party's discipline.

Only when strict discipline is established within the party, is it possible to thoroughly suppress all unorganized, undisciplined and negative elements in the whole party work and propel and guarantee the sound development of the party, he said, referring to the principled issues arising in putting spurs to the building of party discipline and establishing an accurate and powerful disciplinary system, including the strict establishment of the voluntary discipline-observing trait and the discipline-supervising system and discipline-applying system throughout the party.

He explained the need to build the Party's style of work in a substantial way.

He clarified the necessity of improving the style of work throughout the Party and the purpose of building the style of the WPK, and said:

The excellent style of work created by our Party while leading the arduous and complicated revolutionary struggle and the building of a new society constitutes a precious foundation for the building of the style of work in the new era.

The whole party should steadily and methodically conduct the work to make officials acquire the revolutionary and popular work styles created by President Kim Il Sung and Chairman Kim Jong Il and developed and enriched by our Party and apply them to real life, so that the communist work style peculiar to our Party is carried on.

The Party's attention should be paid to establishing among officials the habit of carrying out the tasks in a responsible way with revolutionary work attitude and manner.The Party's fighting efficiency is precisely the ability of officials to develop, struggle and practice.

We should ensure that the whole Party is permeated with revolutionary and responsible work styles, including the trait of unconditionally accepting the Party's decisions and instructions and carrying them out in time by dint of self-reliance and fortitude, the trait of disallowing self-complacency and self-praise, encouraging self-reproach and reflection and always striving with painstaking efforts, and the trait of carrying out work in a far-sighted way and on a long-term basis, looking forward to the future.

At the same time, we should wage a ceaseless struggle to overcome all kinds of negative and varied ideological views and work style, including the non-revolutionary and non-militant attitude, irresponsibility, self-protection, formalism and expediency revealed in the practical struggle, so as to prevent the wrong style of work.

What should be particularly focused in the building of style of work is to ensure that the correct viewpoint and attitude towards the people are always prevailing in the Party.

For our Party, which intends to be genuine servants of the people, a correct viewpoint and attitude towards the people is a matter that cannot be conceded in any case or under any circumstances.

As I have said, our Party was born to defend the interests of the working masses and has been working to provide the people with a happy life since its foundation, and this is why the people call our Party their mother and follow it.

Our Party upholds the banner of Kimilsungism-Kimjongilism in order to preserve its character and fulfill its mission as a party serving the people.

He said that if our Party, oblivious of its character and mission for a moment, goes authoritarian to display a certain degree of isms, it will lose its original nature and be forsaken by the people. He stressed that it should become the mode of existence and mode of revolution of our Party to deepen the trust of the people by regarding them as divine and devoting itself to them, purify its climate and attain higher goals by dint of the single-minded unity between the Party and the people, and went on:

To this end, all officials should make our Party's outlook and philosophy on the people the motto of their work and life and do their best to effectively develop the work for absolutely serving the people and enrich the Party's traditional method of work with the masses in keeping with the present situation.

An official to be trusted at any time and relied on by the masses without worry are, above all, conscientious and honest.

Only when a good style of work such as being unconventional, modest and setting an example is supported by conscience and honesty, can it win the recognition of the masses.

No matter how the times develop and the circumstances change, we can maintain the excellent work style of the Party and ensure its superiority if we have only upright and honest officials.

Therefore, in promoting the building of the Party's style of work, we should always give prominence to and encourage the high sense of simplicity, honesty and purity and take appropriate practical measures in all the processes of Party work so as to make it an essential and consolidated trait of officials.

In particular, we should not tolerate any practices of looking down on the people and infringing upon their rights and interests such as abuse of power, bureaucratism, irregularities and corruption and impositions outside the taxes contrary to the sound style of the Party, but eliminate them resolutely.

At the same time, it is necessary to further subdivide and actualize the rules of life of officials working at Party organs at all levels, in keeping with the new requirements of the building of style of work, and establish an order in which they strictly observe it.

If our Party is strengthened in the aspects of political, organizational and ideological construction and building of discipline and style of work as above,it will be possible to solve not only the immediate tasks for the party building but also the long-term problems on its own initiative and systematically, thus strengthening its leadership ability and fighting efficiency and fulfilling its duty as a revolutionary party responsible for the destiny and future of the people.

The great guidance of Kim Jong Un over the Central Cadres Training School of the WPK will shine long in the history of the WPK as a historic guidance that indicated the bright path for the party building in the new era and set up a new turning point in the work for training the core of the WPK, thus consolidating the organizational and ideological foundation of the Party in every way and vigorously promoting the struggle to further strengthen the WPK into a powerful political General Staff of the revolution, an elite and iron-willed vanguard rank of the revolution and a genuine motherly party.



Fans analyzing game results


# Pyongyang Gold Lane

The Pyongyang Gold Lane is situated on the bank of the picturesque TaedongRiver in Pyongyang, the capital city of the Democratic People's Republic of Korea

Inaugurated in February 1994, it has three cone-shaped roofs.


With two storeys above and one under the ground, it is equipped with 40 bowling lanes controlled by computers and various amusement and service facilities.

The gold lane, which is capable of hosting international bowling contests, is frequented by many working people including youth and students.



The Pyongyang Gold Lane





## अखण्ड...

प्रभावित छन् । त्यसैले यी दुवै थरिका राष्ट्रवाद उपनिवेश विरोधी थिए । सँगसँगै यसका अगुवाले राजनीतिक विचारधारा र व्यक्तिगत महत्वकांक्षालाई धर्मको सहारामा वैधानिक बनाउने प्रयत्न गरिरहेका थिए । बंकिमचन्द्र चट्टोपाध्य, बालगंगाधर तिलक, विपिनचन्द्र पाल, लाला लाजपतराय, श्री अरुविन्दो लगायतले हिन्दु धर्ममा आधारित राष्ट्रवादको वकालत गर्थे भने मौलाना हुसेन अहमद मदानी, अल्लामा इकवाल लगायतले मुस्लिम धर्ममा आधारित राष्ट्रवादको ।

धार्मिक राष्ट्रवादले दुई राज्यको जग बताउँदै गरेको परिस्थितिमै भारतीय जनता पार्टी भाजपाको बिउ रोपिएको थियो । यसको पहिलो बिज हो सन् १९१५ मा स्थापित हिन्दु महासभा । इल्स्टका अनुसार मुस्लिम लिग स्थापनाको जवाफमा सन् १९०६ मै प्रान्तीय रुपमा पन्जाबमा हिन्दुसभा गठन भएको थियो । सन् १९१० मै स्थानीय हिन्दुसभाहरूको मोर्चाको रुपमा अखिल भारतीय हिन्दु सभा गठन भएको थियो । यद्यपि यो कागजमा सीमित थियो । हिन्दु सभालाई इल्स्ट क्रमिक विकासको परिणति मान्छन् । त्यसकै जगमा सन् १९२५ मा राष्ट्रिय स्वयंसेवक संघ (रासस) गठन भयो । राससको स्थापना सावरकरको हिन्दुत्वको अवधारणामा आधारित थियो जसको मूल दस्तावेज सन् १९२३ मा प्रकाशित हिन्दुत्व नामक पुस्तिका हो । हिन्दुत्व मान्यताका कारण खोज्दै जाँदा मुगलकालसम्म पुग्न सकिन्छ । मुगलकालमा मुसलमान शासकको दमनकारी व्यवहारको प्रतिरोधमा हिन्दुत्वको धारणा विजारोपण भएको इल्स्टको तर्क छ । त्यसको उदाहरणको रुपमा उनी दयानन्द सरस्वती नेतृत्वको 'आर्य समाज' को चर्चा गर्छन् । तर राजनीतिक विचारधाराको रुपमा हिन्दुत्वलाई स्थापित गर्ने श्रेय सावरकरलाई नै जान्छ । सावरकरले हिन्दुवाद र हिन्दुत्व फरक भएको दाबी गरे । उनका अनुसार हिन्दुवादले हिन्दु धर्मलाई एउटा मान्यता वा सिद्धान्तको रुपमा ग्रहण गर्छ । तर हिन्दुत्वले हिन्दु हुनुको अभिप्रायः बोक्छ । उनले हिन्दुलाई जातिको रुपमा परिभाषित गरे । सावरकरका अनुसार भारत वर्षका प्राचीन बासिन्दा सबै हिन्दु हुन् । हिन्दुत्व 'हु इज हिन्दु' नामक निबन्धमा उनले सिन्ध नदीदेखि समुद्र (श्रीलंका) सम्मको भूभागलाई भारत वर्षको रुपमा चिनाएका छन् जसलाई उनी 'सिन्धुस्तान' भन्छन् ।

हिन्दुत्वको अवधारणाले भारत वर्षलाई मातृभूमि, पितृभूमि र पवित्र भूमिको रुपमा व्याख्या गर्छ । मातृभूमि जन्म र भूमिप्रतिको प्रेमसँग जोडिन्छ । पितृभूमि वंशजसँग र पवित्रभूमि आस्थासँग जोडिन्छ । यो अवधारणाले भारतवर्षका विकसित सबै धर्म सम्प्रदायलाई हिन्दुभित्रको विभिन्न शाखा मानिदिन्छ । यो परिभाषा अनुसार बुद्ध, जैन र प्रकृतिपूजक पनि हिन्दुकै शाखा मानिन्छन् । र परिणाममा यो भूमिमा रहेका दुइटा धर्म इस्लाम र इसाईलाई पराई र अतिक्रमणकारी मान्छ । त्यसैले हिन्दुत्वको एजेन्डा एकैपटक भूमि र चिन्तनसँग जोडिन्छ । यसले धर्मलाई राजनीतिक दर्शनका रुपमा लिन्छ । राजनीतिलाई आधार र धर्मलाई अधिरचताको रुपमा व्याख्या गर्छ । हिन्दुत्वको अवधारणा अनुसार हिन्दु नभएसम्म भारतीय हुन सकिँदैन । अर्थात् धर्म नै राष्ट्रको आधार हुन्छ ।

रासस, हिन्दु महासभालाई अलग राखेर भाजपाको उदयलाई बुझ्न सकिँदैन । यद्यपि हिन्दुत्वको अवधारणा सुरुबाटै सफल भने होइन । भारतीय राष्ट्रवादलाई परिभाषित गर्ने प्रयत्न गान्धीको हिन्दुवाद र सावरकरको हिन्दुत्वको संघर्षको परिणति हो । हिन्दुत्वको राजनीतिका आधार 'अन्यकरण' बहिष्करण हो । इस्लाम र इसाईलाई दीर्घ दुश्मन करार गरेर स्थापना गरिएको थियो यो अवधारणा । तर यस विपरीत महात्मा गान्धीले धर्मलाई आस्था, मान्यता र वैचारिक शिविरको रुपमा भन्दा पनि गुणको रुपमा बुझेका थिए । त्यसैले उनको हिन्दुवाद धर्मको सात्विकतासँग जोडिएको छ । उनी धर्मलाई नैतिकता र परम्पराको रुपमा व्याख्या गर्थे । उनको हिन्दुवादमा अहिंसा, परस्पर सम्मान सहअस्तित्व पर्छ । गान्धी यिनै आदर्शको मातहतमा राजनीति रहनुपर्छ भन्ने ठान्थे । गान्धीको भारत चिन्तन पनि यही धर्मको मान्यतामा आधारित छ । उनका निम्ति धर्म अहिंसा हो । हिंसात्मक संघर्षको विरोध गर्दै उनले सन् १९०९ मा लेखेको पुस्तक 'हिन्दु स्वराज' लाई गान्धी चिन्तनको आधारकृतिका रुपमा लिने गरिन्छ । उनले सो पुस्तकमा अहिंसाको वकालत मात्र गरेका छैनन् स्वाधीन भारतको परिकल्पना समेत गरेका छन् । उनको परिकल्पना भारत बेलायती मोडलको थिएन । गान्धी भारतलाई ग्रामीण लघु उद्योगमा आधारित अर्थव्यवस्था र ग्राम पञ्चायतको राजनीतिक व्यवस्था बनाउन चाहन्थे । उनी चिन्तनको पक्षमा पनि विऔपनिवेशीकरणको पक्षमा थिए ।

जसरी सावरकरको हिन्दुत्वले भारतलाई भूगोल र सांस्कृतिक मान्यताको रुपमा अभिव्यक्त गर्छ, त्यसैगरी गान्धीको हिन्दुवादले पनि भारतलाई निश्चित अर्थप्रणाली र जीवनदर्शन सहितको राज्यको रुपमा परिकल्पना गर्छ । यद्यपि स्वाधीन भारत गान्धीले आँकलन गरेजस्तो भएन । यसमा मूलतः जवाहरलाल नेहरूको चिन्तन प्रभावी रह्यो । नेहरूको राष्ट्रवाद उदारवादी चिन्तनमा आधारित थियो । उनले धर्मनिरपेक्ष, सहिष्णु, समावेशी र विवेकरहित राष्ट्रवादको वकालत गरे । शासन प्रणालीमा बेलायती मोडल अंगिकार गरेको स्वाधीन भारतको जगमा यिनै मान्यता छन् । भारतको संवैधानिक चिन्तना गान्धीभन्दा नेहरू हावी छन् । गान्धी चिन्तन र व्यवस्थामा पूर्वीयता खोज्थे भने नेहरू पश्चिमी मोडलको प्रजातन्त्र, धर्मनिरपेक्ष र लोककल्याणकारी राज्यको पक्षपाती थिए । राष्ट्रलाई परिभाषित गर्ने संघर्षको चुरोमा कस्तो भारत र कसको भारत संघर्ष निहित छ । यो साम्प्रदायिक हिन्दु वर्चस्व वा बहुल र सर्वधर्म चिन्तन हो भन्ने बहस आजपर्यन्त छ । सारमा स्वाधीन भारतको निर्माण हुँदै गर्दा सावरकरको हिन्दुत्वलाई गान्धीको हिन्दुवादले कमजोर बनाइदियो । भारतको आधार भने धर्मनिरपेक्ष, उदार चरित्रको भयो । सन् २०१४ मा भारतीय केन्द्रीय सत्तामा मोदीको उदय भएपछि नेहरूका चिन्तन र भारतीय संविधानको भावनालाई नै भत्काउन सुरु गरियो । यसकै पछिल्लो श्रृंखला हो अखण्ड भारतको भित्तेचित्र ।

हिन्दुत्वको राजनीतिका लागि राससले १९५१ मा जनसंघको स्थापना गर्‍यो । सन् १९५२ देखि लोकसभा निर्वाचनमा भाग लिन थालेको जनसंघले १९६२ सम्म अत्यन्त न्यून मत पायो तर निरन्तर बढ्दो मात्रामा । इन्दिरा गान्धीले लगाएको आपतकालले आखिर भाजपाको उदयमा मलजल गर्‍यो । धर्मनिरपेक्षमाथि प्रश्न उठ्न थाल्यो, राज्य नियन्त्रित अर्थतन्त्रको पनि विरोध हुन थाल्यो । यसले क्षेत्रीय दलको उदय गरायो । १९७७ मा भारतीय जनसंघ समाजवादी पार्टी, भारतीय लोकदल मिलेर बनेको जनता पार्टी नै भाजपाको स्थापनाको औपचारिक बिउ बन्न पुग्यो । १९८० मा जनता पार्टीले जनसंघ कार्यकर्तालाई राससको गतिविधिमा संलग्न हुन रोक लगाएपछि भाजपाको औपचारिक रुपमा स्थापना भयो । अहिले भाजपा राससको निर्देशनमा भौगोलिक विस्तारवादी बाटोमा अघि बढेको प्रस्ट संकेत अखण्ड भारतको भित्तोचित्र हो ।

## प्रत्यक्ष...

पनि मीर जाफरलाई इतिहासकारहरूले कुख्यात राष्ट्रघातीका रुपमा चित्रण गर्दछन् । राष्ट्रका महत्वपूर्ण पदमा बसेर देश र जनतालाई धोका दिने व्यक्तिहरूका कारण जहिलेपनि राष्ट्रियता कमजोर बन्ने गरेको पाइएको छ । सुगौली सन्धिदेखि हालसम्मका प्रत्येक घटनाक्रममा नेपालका अधिकांश नेताहरूले राष्ट्रघात गरेको स्पष्ट देखिएको छ । गजराज मिश्र र चन्द्रशेखर उपाध्याय दाहालले सुगौली सन्धिमा राष्ट्रघात गरेर नेपाल र नेपालीको हितविरुद्ध काम गरे भने इतिहासका विभिन्न कालखण्डमा थरीथरीका अनुहार भएका राष्ट्रघातीहरू जन्मिएका छन् । सन् १९४५ पछि कलकत्तामा खुलेको नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेस दुबैले स्पष्ट रुपमा राष्ट्रियतालाई शिरोधार्य गर्न सकेनन् । नेपाली राजनीतिमा प्रवल राष्ट्रवादी र इमानदार नेताको अभाव जहिले पनि खट्किइरह्यो । टंकप्रसाद आचार्य र केआई सिंह जस्ता केही स्पष्ट विचारधाराका नेताहरूले राष्ट्रियताको पक्षमा काम गर्न खोजेपनि उनीहरूले धेरै दिनसम्म वागडोर सम्हाल्न पाएनन् । पञ्चायती शासनकालमा पनि नेपालका कैयन् नेता र उच्चपदस्थ कर्मचारीहरूले विदेशीको सेवा गरेर व्यक्तिगत रुपमा प्रशस्त फाइदा लिएका उदाहरणहरू छन् ।

नेपालको राज्यसत्ता, कर्मचारी प्रशासन र सीमा व्यवस्थापन सुदृढ बनेको भए १८ सय किलोमिटरको अव्यवस्थित नेपाल-भारत खुला सिमानामा रहेका सयकडौं सीमास्तम्भहरू हराउने थिएनन् । लाखौं विघा जग्गा भारतले मिच्ने थिएन । नेपालीहरूले रातारात आफ्नै आँगनमा विदेशी हुनुपर्ने थिएन । नेपालस्थित भारतीय राजदूतले प्रधानमन्त्रीलगायत उच्चपदस्थ नेताहरूका ओछ्यानमै पुगेर निर्देशन पनि दिने थिएनन् । विदेशीलाई रिझाएर र देशवासीलाई कज्याएर शासन गर्ने परम्परा बसेकाले नेपाली राजनीतिमा विदेशी हस्तक्षेप दिन दुई गुना रात चौगुना बढ्दै गएको हो ।

सन् १९१८ मा स्थापित फरेन पोलिसी एशोसिएसनद्वारा हालै प्रकाशित एउटा विद्युतीय पत्रिकामा पाकिस्तानका राजनीतिक विश्लेषक बिलाल कुरेसी लेख्छन्- 'अफगानिस्तान र पाकिस्तानलाई दुःख दिइरहेका तालिवानी छापामारहरूले साम्राज्यवादी शक्तिहरूको विरोध गरेपनि उनीहरूले आफ्नो काँधमा अमेरिकी हतियार बोकेका छन् । अफगास्तिानबाट हजारौं हतियार पाकिस्तान भित्र्याइसकेका छन् । अमेरिकामा बनेका अत्याधुनिक हतियारहरू तालिवानले कसरी पायो भन्ने कुरा रहस्यको विषय बनेको छ ।' सन् २००१ को सेप्टेम्वरपछि निरन्तर युद्ध हार्दै आएका तालिवानीहरूलाई कतै अमेरिकाले नै त उकासिरहेको छैन भन्ने प्रश्न खडा हुन थालेको छ ।

विदेशी शक्तिहरूले आफ्नो स्वार्थका लागि जहाँ जसलाई र जसरी पनि प्रयोग गर्न सक्छन् । भारतले नेपालका माओवादीहरूलाई सेना, राजसंस्था र हिन्दू धर्म समाप्त पार्न प्रयोग गरेको सबैले बुझेकै कुरा हो । सन् २००८ मा चीनमा भएको ओलम्पिक खेलको सेरोफेरोमा नेपालमा चीन विरोधी गतिविधि बढेपछि मात्र चीनले नेपाली राजनीतिप्रति अभूतपूर्व चासो देखाउन थाल्यो । नेपाली भूभागलाई भारत र अमेरिकाले प्रयोग गरिरहेका छन् भन्ने बुझेर चीन सशंकित भएको हो । नेपालमा चीनको स्वार्थ भनेकै चीन विरोधी गतिविधि हुन नदिनु मात्र हो ।

नेपाल र भारतबीचको खुला सिमाना व्यवस्थित गर्नुपर्ने सुझाव दिँदै सन् १९८० को दशकमा भूगोलविद् डा. हर्क गुरुङले तयार पारेको प्रतिवेदन राजनीतिक र कूटनीतिक षडयन्त्रको शिकार बन्न पुग्यो । उनले नेपाल भारत सिमानालाई व्यवस्थित गर्न दुई देशका जनतालाई सजिलो हुने गरेर सिमान्त क्षेत्रका जनताका लागि परिचयपत्र र बाँकीलाई राहदानीको व्यवस्था गर्न सुझाव दिएका थिए । हर्क गुरुङको सो प्रतिवेदन सार्वजनिक हुने बित्तिकै नेपालका भारतपरस्त नेता र वुद्धिजीवीहरूले त्यसको सशक्त विरोध गरे । भारतीयहरूको इशारामा गजेन्द्र नारायण सिंहले नेपाल सद्भावना परिषद् नामक गैर सरकारी संस्था खोलेर तराईका बासिन्दालाई उकास्न थाले । विभिन्न चिरामा रहेर राजनीतिक दल बन्न पुगेको सद्भावना पार्टीको मातृसंस्था सोही सद्भावना परिषद् थियो । सिमान्त क्षेत्रका जनतालाई खुला सिमानाले फाइदा र वेफाइदा दुबै गराएको छ । बढ्दो जनसंख्या र अपराधले गर्दा त्यहाँका जनता पीडित छन् । तर राजनीतिक स्वार्थका लागि केही सीमित व्यक्तिहरूले खुला सिमानाको वकालत गरिरहेको देखिन्छ ।

खुला सिमानाको विवाद नेपाल र भारतबीच मात्र छैन । भारतले चीन, पाकिस्तान र वंगलादेशसँग सिमानाको किचलो उठाइरहेको छ भने संसारका धेरै देशमा सीमा विवाद देखिन्छ । चीन र भारतबीच सन् १९६२ मा भएको लडाई सीमा विवादकै कारण भएको थियो । वंगलादेशसँग सीमा जोडिएको भारतको पश्चिम वंगाल राज्यमा पर्ने २४ पर्गन्ना जिल्लामा साढे ६ किलोमिटर क्षेत्रफलको विवादले त्यहाँ भारत र वंगलादेशका सेनाबीच गोली हानाहान नै भएको थियो । इच्छामति नदीको छेउमा भएको सो घटनाले उग्रविवादको रुप लिएपछि दुई देशका अधिकारीहरूले सो समस्याबारे छलफल गरेका थिए ।

कम्वोडिया र भियतनाम, प्यालेस्टिनी र इजरायल, इथियोपिया र इरिट्रिया, फ्रान्स र म्याडागास्कर, क्यामरुन र नाइजेरिया, अल्जेरिया र मोरक्को, इजिप्ट र सुडान, स्वाजिल्याण्ड र दक्षिण अफ्रिका, बुरुण्डी र रुवाण्डा, स्पेन र पोर्चुगल, होण्डुरस र एलसाल्भाडोर, क्युवा र अमेरिका, व्राजिल र पाराग्वे, क्यानडा र डेनमार्क, बोलिभिया र ब्राजिल, चिलि र पेरु, कोलम्विया र निगारागुवा, अमेरिका र हाइटी, इरान र संयुक्त अरव इमिरेट्स तथा लेवनान र सिरियाबीचको सीमा विवादले विश्वका सञ्चारमाध्यमहरूमा पटकपटक स्थान पाउने गरेको हामीले सुन्दै र देख्दै आएको कुरा हो ।

दक्षिण एसियाको राजनीतिमा भारतले आफ्नो प्रभाव बढाउन खोजेको सबैले देखेका छन् । दक्षिण एसियामा चीनको चासो बढ्दै गएपछि अमेरिका र भारतबीच आणविक सम्झौता भयो । चीनको प्रभाव रोक्नलाई अमेरिकाले खेलेको यो कूटनीतिक चाल भारत बाहेकका अन्य राष्ट्रहरूले नबुझ्ने कुरा थिएन । सन् १९४७ मा बेलायतको उपनिवेशबाट मुक्त भएको भारतले दक्षिण एसियाले आफ्नो प्रभाव क्षेत्र बनाउन चाहेको कुरा भारतीय नेताहरूको वचन र कर्मबाट मुखरित हुँदै आएको छ । 'द डिस्कभरी अफ इन्डिया' नामक ग्रन्थमा पण्डित जवाहरलाल नेहरूले दक्षिण एसिया भारतकै वरिपरी घुम्नुपर्ने तर्क गरेका छन् । सन् १९४७ देखि १९६४ सम्म भारतको प्रधानमन्त्री भएका नेहरूले नेपाललाई भारतीय राज्यहरूसरह सोच्ने गरेपनि चीनसँग नेपालको सिमाना जोडिएका कारण यसको अस्तित्वसँग खेलवाड गर्ने दुस्साहस गरेनन् । तर, उनकी छोरी इन्दिरा गान्धीले दक्षिण एसियाका सबै राष्ट्रहरूलाई कमजोर बनाउने रणनीति लिएकी थिइन् । सन् १९७० को ३० नोभेम्वरमा भारतमा आयोजित एउटा सार्वजनिक समारोहमा इन्दिराले भारतले पाकिस्तानको अस्तित्व नस्वीकार्ने बताइन् । सन् १९७१ को डिसेम्वरमा पूर्वी पाकिस्तानलाई टुक्रयाएर भारतकै प्रयत्नमा बंगलादेश नामक नयाँ राष्ट्रको जन्म भयो । सन् १९९१ मा कलकत्ताबाट प्रकाशित आनन्द बजार नामक पत्रिकामा बंगलादेशलाई पनि भारतमा विलय गराउनु पर्ने तर्क गर्दै एकजना भारतीय अधिकारीले दक्षिण एसियालाई भारतको छत्रछहारीमा राख्नुपर्ने बताएका थिए ।

बंगलादेशका लेखक एस.वी. मुन्सिले आफ्नो प्रसिद्ध 'द इण्डिया डक्टरिन' ग्रन्थमा अखण्ड भारत स्थापना गर्ने प्रयासमा आज पनि भारतीय शासकहरू केन्द्रित रहेको विश्लेषण गर्दै सन् १९७५ मा भएको सिक्किम विलय, वंगलादेशको जन्म र नेपालमा माओवादीको विद्रोह भारतीयहरूकै डिजाइन अनुसार भएको बताएका छन् । उनले श्रीलंकामा एल.टी.टी.इ.लाई भारतले नै पृष्ठपोषण गरेको तर्क दिँदै श्रीलंकाका प्रसिद्ध लेखक प्रो. रोहण गुणरत्नेद्वारा लिखित 'इन्डियन इन्टरभेन्सन इन श्रीलंका' नामक पुस्तकको उद्धृत गरेर पर्याप्त तर्क दिएका छन् ।

यी सबै उदाहरणबाट दक्षिण एसियामा भारतीय कूटनीतिको अभिष्ट के हो भन्ने बुझ्न सकिन्छ । तसर्थ नेपालको सिमाना मिचिदा यहाँका शासक प्रशासक र बुद्धिजीवीहरू किन मौन बस्छन् भन्ने कुरा बुझ्न गाह्रो पर्दैन । भारतलाई रिझाएर स्वार्थसिद्ध गर्न पल्केका मीर जाफर र क्वीजलिङहरू नेपालमा प्रशस्त छन् । राष्ट्रवादी धरातलमा राष्ट्रिय यथार्थलाई आत्मसात गरेर राष्ट्रिय स्वाभिमानका लागि आवाज उठाउने प्रवृत्ति विकसित नभएसम्म सिमाना मिचिने र सिमा स्तम्भहरू हराउने प्रवृत्ति रहिरहन्छ । राष्ट्ररक्षाका लागि शासकहरू मात्र पर्याप्त हुँदैनन् । जनता नै सचेत भएर अघि बढ्नु युगको आवश्यकता हो । नेपालीहरूले दलिय, क्षेत्रीय र साम्प्रदायिक स्वार्थ त्यागेर राष्ट्रियहितका लागि एकजुट हुन नसक्ने हो भने नेपाल विस्तारै पराधीन हुने खतरा देखिएको छ ।

## ओमान...

आइपुग्दा मल उत्पादन मुलुकको इरान हटाएर ओमान राखिएको पाइएको हो ।

आतंकवादी क्रियाकलाप र सम्पत्ति शुद्धीकरण निवारण तथा आमविनाशकारी हतियारमा हुने वित्तीय लगानी रोकथाम गर्ने अन्तर्राष्ट्रिय संस्थाका रूपमा 'एफएटीएफ'ले उत्तर कोरिया, म्यानमार र इरानलाई कालोसूचीमा राखेको छ । ती मुलुकका सामग्री नेपाल ल्याउनु वैधानिक मानिँदैन । मलको कारोबार गर्ने गिरोहसँगको मिलेमतो यसपालि इरानमा बनेको मलको बोरामा ओमानको नाम लेखेर ल्याइएको हो । यसरी मल ल्याउँदा राष्ट्र बैंकले भुक्तानी नरोकोस् भनेर त्यसो गरिएको खुलेको छ ।

नेपालका लागि आईपीएलले खरिद गरेको सो युरिया मल इरानबाट २३ र २७ वैशाखमा २७ हजार ४ सय ५८ टन बोकेको फर्चुन जहाज त्यहाँको अब्बासस्थित बन्दरगाहबाट छुटेको कागज सुरक्षित छ । आयातकर्ता र नेपाल सरकारको समेत मिलेमतोमा आईपीएलले नेपालका लागि प्रतिबन्धित मुलुक इरानबाट सस्तोमा मल खरिद गरेको पहिले नै सार्वजनिक भइसकेको हो । साल्ट ट्रेडिङले खरिद गरेको सो मल अहिले इरानबाट कोलकाता हुँदै बन्द अवस्थामा रहेको वीरगन्जस्थित नेसनल ट्रेडिङको गोदाममा भण्डारण गरिएको छ । त्यहाँ मलको फोटो खिच्न दिइँदैन । बोरा गणना गर्न बसेका नेपाली भाषा नबुझ्ने कर्मचारीले गोदाममा पुगेका सञ्चारकर्मीलाई क्यामेरा खोल्न पनि दिँदैनन् ।

मल ढुवानीकर्ता आईपीएल पहिले कृषि सामग्री कम्पनीको कालोसूचीमा परेको कम्पनी हो । नेपाल सरकारले मल खरिद गर्दा डलरमा कमिसन खानकै लागि आफ्नो आधिकारिक निकाय कृषि सामग्री कम्पनीलाई पाखा लगाउँदै साल्ट ट्रेडिङलाई नै ७ अर्ब रकम फास्ट ट्र्याकको नाममा उपलब्ध गराएको रहस्योद्घाटन गएको कुरा १ जेठको संसद् बैठकमा उठेको थियो ।

## वानएक्स...

प्रहरीले निगरानी गरिरहेको थियो । युट्युबमार्फत वानएक्स बेट प्रचारप्रसार गरेको आरोपमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूले युट्युबमा प्रोमो कोड प्रयोग गरी वानएक्स बेटिङमा छुट प्राप्त गर्न सकिने भन्दै विज्ञापन गरेका थिए । यसरी कलाकार एवं युट्युबरहरूले विज्ञापन गरेर बेटिङमा युवापुस्तालाई आकर्षण गर्ने गरेको भन्दै कार्यालयले अपरेसन चलाएको हो । त्यसरी अपरेसन चलाएर बुधबारमात्रै बेटिङका पाँच जना एजेन्टलाई पक्राउ गरी सार्वजनिक गरेको थियो । पाँच जनाले मात्रै ७४ करोडको कारोबार गर्ने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको हो ।

## डा. वैकुण्ठ...

बनाउने निर्णय गरेको हो । वैरागीको राजीनामा स्वीकृत गरेपछि अर्याललाई मुख्यसचिवमा नियुक्त गर्ने निर्णय भएको गृह स्रोतले जनाएको छ । हालसम्म कायम मुख्यसचिव शंकरदास बैरागीलाई राष्ट्रिय सुरक्षा सल्लाहकार बनाएर अर्याललाई नयाँ मुख्यसचिव नियुक्त गरिएको हो । उनी ३ असार ०७५ मा सचिव भएका थिए । कर्मचारीको उमेरहद ५८ नै कायम रहे ६ मंसिर ०२४ जन्ममिति भएका उनले पूरा कार्यकाल मुख्यसचिव हुन पाउने छैनन् । मुख्यसचिवको पदावधि ३ वर्ष हुने व्यवस्था छ । अर्याल अनुभवी सचिव मानिन्छन् । सिनियर पनि भएका कारण अन्य सचिवहरूसँगको समन्वयमा सहज हुने अनुमान गरिएको छ । साथै राजनीतिक समन्वय, निर्णय र राजनीति तथा प्रशासनको सम्बन्ध राम्रो जानकार मानिने अर्यालले पदवहाली पछिको भूमिकामा आफूलाई कसरी उभ्याउँछन्, त्यसबाट उनको मूल्याङ्कन सुरु हुनेछ । स्वभावले भद्र र अनुभवको सीमितताका कारण सानो कोठरीबाट प्रशासन चलाएका शंकरदास वैरागीको नियति अर्यालले दोहोर्‍याउने छैनन् भन्नेमा सचिवहरू विश्वस्त देखिन्छन् । त्यस्तै सरकारले बैरागीको कार्यकाल आगामी असोजसम्म भए पनि सुरक्षा सल्लाहकारको नियुक्ति दिएर अर्याललाई मुख्यसचिव बनाएको हो । पूर्वरक्षासचिव आत्माराम पाण्डेले यसको विरोध गरेका छन् । उनी भन्छन्- सुरक्षा सल्लाहकार पद पनि छैन, वैरागी विज्ञ पनि होइनन् । व्यवस्थापन गर्न कानुनमै नभएको पद सिर्जना गरेर वैरागीलाई नियुक्ति गरियो ।

## असम्भव...

हर्कले मेयरमा निर्वाचित हुनासाथ खानेपानीका मुहान चहार्न थाले । उनले पहिचान गरेका नजिकका पानीका मुहानहरू सुख्खायाममा सुकेको देखेपछि उनी कोकाहा खोलातर्फ हानिए । उनले कोकाहाको पानी ल्याउन अभियान चलाएपछि स्थानीयबासी अभियानमा होमिए । विदेशबाट आर्थिक सहयोग हुन थाल्यो । पाइप नै किनेर दिन थाले सब सहयोगी मनहरूले । हर्क उत्साहित हुँदै गए । फागुन २३ गतेदेखि उनले अभियान सुरु गरे । ९८ औं दिनमा पानी झरेपछि उनले भने– 'अथक मेहनतपछि कोकाहाको पानी ल्याउन सफल भयौं । यो पानीले २५ देखि ३० हजार उपभोक्तालाई राहत पुग्नेछ ।'

धरान क्षेत्रमा दैनिक ३ करोड लिटर पानीको माग छ । धरान खानेपानी व्यवस्थापन बोर्डमा हाल २८ हजारभन्दा बढी उपभोक्ता नगर क्षेत्रमा छन् । गर्मी मौसममा सुदु–खुर्दु जलाधारको सतहको पानी र चारकोसे जंगलको भूमिगत पानी दैनिक २ करोड लिटर पानी उत्पादन हुन नसक्दा खानेपानीको हाहाकार हुने गरेको छ । धरानबासी ट्याँकरबाट पानी ढुवानी गर्न बाध्य छन् । एकला हर्कले ठूला राजनीतिक दलहरूलाई बेकामे सावित गरिदिएका छन् । धरानको स्थानीय सत्ताको नेतृत्व एमाले र कांग्रेसले अक्सर गर्दै आएका थिए । तर गत स्थानीय निर्वाचनमा भने हर्कलाई धरानबासीले उपमहानगरको साँचो सुम्पिदिएका थिए । हर्क भक्तपुरका दोस्रा बिजुक्छे बन्छन् भनेर कांग्रेस एमाले अत्तालिइरहेका छन् ।

## भारतीय...

दैनिक सातदेखि नौ वटा तरकारी तथा फलफूलका मालवहाक सवारीसाधन नेपाल आउने गरे पनि बजेट भाषणपछिका १२ दिनमा तरकारी तथा फलफूलका १० वटा मालवहाक सवारीसाधन मात्र नेपाल प्रवेश गरेको प्लान्ट क्वारेन्टिन कार्यालय काँकरभिट्टाका प्राविधिक सहायक चन्द्रेश्वर ठाकुरले जानकारी दिए । पूर्वी नाका काँकरभिट्टाबाट अत्याधिकरुपमा आयात हुने आलु र प्याज बजेट भाषणपछि निक्कै कम आउने गरेको उनले बताए ।

१२ दिनको अवधिमा पूर्वी नाका काँकरभिट्टा भएर दुई-दुई सय मेट्रिक टन आलु र प्याज नेपाल आयात भएको प्लान्ट क्वारेन्टिन कार्यालय काँकरभिट्टाका प्राविधिक सहायक ठाकुरले बताए । गत आर्थिक वर्ष २०७८/७९ मा काँकरभिट्टा नाका भएर सात करोड ३५ लाख ६९ हजार रुपैयाँ मूल्य बराबरको नौ सय ९४ मेट्रिक टन प्याज नेपाल भित्रिएको थियो । त्यस्तै अघिल्लो आर्थिक वर्ष २०७७/०७८ मा तीन करोड ४३ लाख ७० हजार रुपैयाँ मूल्य बराबरको एक हजार सात सय ३० मेट्रिक टन प्याज नेपाल भित्रिएको पनि उनले बताए ।

चीन, भारत, बंगलादेश, इण्डोनेसिया, बेल्जियम, मलेसिया र अमेरिकाबाट नेपालमा प्याज आयात हुने भए पनि काँकरभिट्टा नाका भएर भारत र चीनबाट प्याज आयात हुँदै आएको उनले बताए । भारत र चीनका विभिन्न प्रान्तबाट आयात हुने प्याज नेपालको संघीय राजधानीसहित मुख्य बजारसम्म पुग्ने गरेको उनले बताए । त्यस्तै भारत, बंगलादेश, भुटान लगायतका मुलुकबाट आलु पूर्वी नाका काँकरभिट्टा आयात भएको प्लान्ट क्वारेन्टिन कार्यालय काँकरभिट्टाले जनाएको छ ।

पूर्वी नाका काँकरभिट्टाबाट भित्रिएका आलु राजधानीसहित भैरहवा, विराटनगर, वीरगञ्ज, नारायणगढ, इटहरी, धरान, दमकसहित स्थानीय बजारसम्म पुग्ने गरेको प्लान्ट क्वारेन्टिन कार्यालय काँकरभिट्टाले जनाएको छ । सरकारले विगतमा तरकारी तथा फलफूलसहितका वस्तुको आयातमा भ्याट छुट दिएपनि अहिले आर्थिक वर्ष २०८०/०८१ को बजेट मार्फत भ्याट छुट हटाइएपछि आयात समेत कम हुँदै गएको छ ।

तरकारीमा भ्याट लगाउँदा उपभोक्ता मारमा परेकाले हटाउन माग गरेको काँकरभिट्टाका तरकारी व्यवसायीहरू बताउँछन् । "थोक बिक्रेताले अहिले आलु र प्याज आयात गर्न नै छाडेका छन् । हामीले आफै थोरै-थोरै भारतीय बजार पुगेर ल्याउन गरेका छौं । त्यसकारण पनि तत्काल मूल्य वृद्धि भएको छैन । व्यवसायीहरूको माग सरकारले सुनेन भने उपभोक्ताको भान्सा महँगिने निश्चित छ ।" तरकारी, मासुजन्य वस्तु र फलफूलमा भ्याट लगाएपछि महँगी बढ्न सक्ने उपभोक्ताको भनाइ छ ।

दिनहुँ भान्सामा प्रयोग गरिने अत्यावश्यक वस्तुहरू आलु तथा प्याजको कारोबारमा भ्याट लगाउनु उपयुक्त नभएको उपभोक्ताहरूको भनाइ छ । आलु, प्याज जस्ता अत्यावश्यक कृषिजन्य सामग्रीमा भ्याट लगाएर सामान्य व्यक्तिलाई जीवन निर्वाह गर्न अझै कठिन बनाएकोमा उपभोक्ताहरूले चिन्ता व्यक्त गरेका छन ।

## कार्की...

६५ वर्षे उमेर हदका कारण अनिवार्य अवकाशमा जाने छन् ।

कार्कीले प्रधानन्यायाधीशका रूपमा इजलासमा २० दिन बिताउन पाउनेछन् । २० दिनमा पनि ३ दिन शनिबारको बिदा परेको कारण इजलासमा बस्न भने उनीसँग मात्रै १७ दिनको समय रहनेछ । अवकाशमा जाने समयभन्दा कम्तीमा एक महिना पहिलेदेखि न्यायाधीश वा प्रधानन्यायाधीशले मुद्दा नहेर्ने चलन रहेको कारण कार्कीले पनि असारको २० गतेपछि इजलासमा बसेर मुद्दाको पुर्पक्ष गर्ने छैनन् ।

कार्कीले गत वर्षको असोज १५ गतेदेखि कामु प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका थिए । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि संसद्मा महाभियोगको प्रस्ताव दर्ता भएपछि उनको स्थानमा तत्कालीन वरिष्ठतम न्यायाधीश दीपककुमार कार्की कामु प्रधानन्यायाधीश बनेका थिए । तर कार्की पनि ६५ वर्षे उमेर हदका कारण गत वर्षको असोज १५ गतेबाट अनिवार्य अवकाशमा गएपछि न्यायपालिकाको जिम्मेवारी हरिकृष्ण कार्कीले सम्हाल्दै आएका थिए । कार्कीले साढे ६ महिना कामु प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेपछि पूर्ण प्रधानन्यायाधीश बन्न लागेका हुन् ।

हालसम्म प्रधानन्यायाधीश बनेका व्यक्तिहरूमा सबैभन्दा बढी समय नयनबहादुर खत्री प्रधानन्यायाधीश बनेका थिए । खत्री ९ वर्ष ४ महिना १ दिन प्रधानन्यायाधीश बनेका थिए । २०३३ साल साउन २४ गतेदेखि प्रधानन्यायाधीश बनेका खत्री २०४२ मङ्सिर २५ गतेसम्म प्रधानन्यायाधीश बनेका हुन् । उनी मुलुकको छैटौं प्रधानन्यायाधीशका रूपमा आएका थिए । उनीपछि भगवतीप्रसाद सिंह बनेका थिए । उनले लगातार ६ वर्ष २ महिना २७ दिन प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका थिए । खत्री चौथो प्रधानन्यायाधीशका रूपमा २०२० साल चैत २७ गतेदेखि २०२७ असार २६ गतेसम्म प्रधानन्यायाधीश बनेका थिए ।

तर दुई पटक प्रधानन्यायाधीश बनेका हरिप्रसाद प्रधानको सेवा अवधि जोड्ने हो भनेचाहिँ भगवतीप्रसाद सिंहको भन्दा पनि बढी हुन्छ । प्रधान २००८ साल साउन ७ गतेदेखि २०१३ जेठ ७ गतेसम्म ४ वर्ष १० महिना र २०१८ मङ्सिर २९ गतेदेखि २०२० मङ्सिर २० गतेसम्म २ वर्ष गरी कुल ६ वर्ष १० महिना प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका थिए । दिनमा गणना गर्ने हो भने प्रधानले २ हजार ४ सय ९८ दिन प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका छन् ।

हालसम्म बनेका प्रधानन्यायाधीशमध्ये सबैभन्दा छोटो समय भने अनुपराज शर्मा प्रधानन्यायाधीश बनेका छन् । शर्मा ३ महिना १५ दिन प्रधानन्यायाधीश बनेका थिए । त्यसैगरी अर्का न्यायाधीश ओम प्रकाश मिश्रले पनि ३ महिना २३ दिन मात्रै प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका थिए ।

## सांसद...

नदेखिएको, प्राकृतिक साधनस्रोतको उपयोगको नीति नलिइएको, वनलाई नागरिकको जीवन र समृद्धितर्फ जोड्न नसकेको भन्दै बजेटका सम्बन्धमा सांसदले दिएको सुझावलाई सरकारले गम्भीर रुपमा लिनुपर्ने बताए । उनले बजेट मुलुकको आवश्यकताभन्दा विपरित आएको भन्दै पुनःसंशोधन र खर्च कटौती गरेर जानुपर्ने बताए ।

## एनसेल...

इन्टरनेसनल सेन्टर फर द सेटलमेन्ट अफ इन्भेस्टमेन्ट डिस्प्युट (आईसीएसआईडी) मा मुद्दा दायर गरेको थियो । आजियाटाले नेपालमा द्विपक्षीय लगानी सम्झौताविरुद्ध काम भएको, राज्यले न्याय नदिएको, कर लगाएको र त्यसको न्याय निरूपण गर्दै ५० करोड अमेरिकी डलर बराबरको क्षतिपूर्ति दाबी गरेको थियो ।

## रोजगारी...

बैठक बसेको थियो । बैठकमा श्रमसम्झौता नवीकरण गर्ने सहमतिसहित अन्य विषयमा पनि छलफल भएको छ । वार्तामा यूएईका तर्फबाट असिस्टेन्ट अण्डर सेक्रेटरी अब्दुल अल्नुआइमीले नेतृत्व गरेका थिए भने नेपालका तर्फबाट श्रम मन्त्रालयका सहसचिव राजिव पोखरेलले नेतृत्व गरेका थिए ।

वार्ताका क्रममा यूएई नेपालबाट घरेलु कामदार लैजान इच्छुक देखिएको छ । छलफलमा यूएईले नेपालबाट घरेलु कामदार चाहेको बताउँदै यसका लागि प्रक्रिया अगाडि बढाउनसमेत अनुरोध गरेको छ । यूएईले नेपालबाट घरेलु श्रमिक लैजान चासो देखाए पनि त्यो तत्काल सम्भव हुने देखिँदैन ।

यसअघि पनि यूएईले नेपाललाई घरेलु श्रमिक पठाउन अनुरोध गर्दै आएको थियो । तर, नेपालको आन्तरिक कारणले घरेलु कामदार यूएई जाने बाटो खुलेको छैन । २०७४ सालमा संसद्को श्रम समितिले नेपालबाट घरेलु कामदार यूएईलगायत खाडीका कतिपय देशमा लैजान रोक लगाउन सरकारलाई निर्देशन दिएको थियो । उक्त निर्देशनपछि खाडीका कतिपय देशमा घरेलु कामदारका रुपमा महिला जान सकेका छैनन् ।